ललितपुर जिल्लाका स्थानीय तहहरुमा कायम भएको बेरुजू तथा फछ्र्यौटको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन

(मिति २०८३।०३।२२ को जिल्ला सभाबाट अनुमोदन भएको)

जिल्ला समन्वय समितिको कार्यालय

मानभवन, ललितपुर

बागमती प्रदेश, नेपाल

आ.व. २०८२/०८३

ललितपुर जिल्लाका ६ वटै स्थानीय तह समेटिएको नक्सा

जिल्ला समन्वय समिति ललितपुर

मानभवन, ललितपुर

फोन नं: ०१-५४५३७४७, ०१-५४५५११५, Email:- dcclatcoco2075@gmail.com

जिल्ला समन्वय समितिको कार्यालय

ललितपुर

मानभवन, बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

नेपालको संविधान, २०७२ को धारा २२० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समिति जिम्मेवारी तोकेको छ। उपरोक्त कानुनी प्रावधान अनुसार जिससले जिल्लाभित्रका स्थानीय तहहरू, प्रदेश सरकार एवं संघीय कार्यालयहरूबाट जिल्लामा प्रवाह गरिने सार्वजनिक सेवा एवं विकास निर्माणका कामहरूमा आवश्यक सहयोग समन्वय र सहजीकरण गरिरहेको छ। यसैगरी स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (ज) अनुसार जिससको जिम्मेवारीलाई प्रभावकारी बनाउन आवश्यक अनुगमन एवं अध्ययन अनुसन्धान गरी बागमती प्रदेश सरकारले उपलब्ध गराउने कार्यक्रम तथा बजेट अनुदानबाट यस जिससले जिल्लाका छ वटै ***स्थानीयतहबाट निर्मित कानुनहरू*** (निर्माण प्रक्रिया, संघीय कानुन तथा प्रदेश कानुनसँगको पालना साथै तादम्यता, निर्माण चरण तथा पारित पश्चातको सञ्चार/पैरवी, कानुनको अभिलेख एवं त्यसको प्रयोग) र ***स्थानीय तहको बेरुजु अवस्था*** सम्बन्धी दूई विषयमा अध्ययन गरी सोको प्रतिवेदन तयार गर्न सकिएकोमा अत्यन्तै खुसी लागेको छ । वर्तमान जिसस पदाधिकारीहरुको कार्यकालको अन्तिम वर्षमा भएपनि एउटा रचनात्मक काममा नेतृत्व प्रदान गर्न पाउदा गर्व अनुभूत भएको छ। जिल्ला समन्वय अधिकारीको उत्साह लगनशीलता एवं नेतृत्वमा गरिएको यो अध्ययनले स्थानीयतहहरुलाई राम्रो सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु।

सिमित बजेट र थोरै कर्मचारीहरुको प्रयासमा तयार गरिएका दुईवटा अध्ययनले जिल्लाका सबै स्थानीयतहहरुलाई ढिलै भएपनि एकअर्कालाई तथ्याङ्कगत रुपमा चिन्ने अवसर प्राप्त भएको छ भने जिससले अन्तर-स्थानीयतह संवादमञ्चको रुपमा भूमिका खेल्नु पर्ने जिम्मेवारी बोध पनि भएको छ । अध्ययनको लागि सूचना सङ्कलन तथा स्थानीय तहमा भएका छलफलमा स्वयं म पनि संलग्न हुँदा मैले स्थानीय तहका जनप्रतिनिधिहरूलाई सुरुवाती चरणमै बिषयवस्तु केन्द्रित व्यवहारिक प्रशिक्षण सबै पालिकामा पालिकास्तरमै आवश्यक रहेको महसुस गरेको छु। यसका साथसाथै निर्वाचित प्रतिनिधि र कर्मचारीबीचको खुला छलफल संवाद र परिपूरकताको महत्व र त्यसको तौर तरिकाको अनुमूति स्वयं मैले पनि प्राप्त गरेको छु। जिल्ला समन्वय समितिको औचित्यतालाई लिएर आलोचना एवं बहस व्यापक भइरहेको वर्तमान अवस्थामा यस जिससले स्थानीय तहबाट सम्वद्ध विषयमा तथ्य प्रमाण संकलन गरी सवल र दुर्वलपक्ष समेटेर अध्ययन प्रतिवेदन सार्वजनिक गर्नु सकारात्मक सन्देश

Email:-dcclatcoco2075@gmail.com phone no:-01-5453747, 01-5455115, 01-5425021

शुभकामना मन्तव्य

प्रवाह हुने नै छ । साथै जिल्ला भित्रका स्थानीय तहहरुमा सकारात्मक प्रतिस्पर्धाको भावना बढने र नविनता तथा श्रृजनात्मकताको लागि हौसला तथा प्रेरणा मिल्ने अपेक्षा गरेको छु।

अन्त्यमा, जिससले तथ्य र प्रमाणमा आधारितभई गरिएका यी अध्ययन प्रतिवेदनले स्थानीयतहको शासकीय प्रक्रियामा एवं नतिजा दुवैमा योगदान पुग्ने आशा छ । साथै यी दुवै प्रतिवेदनहरु जिससको कार्यसंपादनमा कोशेढूंगा हुने विश्वास लिएको छु । यो अध्ययनमा प्रत्यक्ष संलग्न जिल्ला समन्वय समितिका कर्मचारीहरू र तथ्याङ्क विवरण एवं पृष्ठपोषण उपलब्ध गराउने स्थानीय तहका जनप्रतिनिधि एवं कर्मचारीलाई धन्यवाद ज्ञापन गर्दछु । अध्ययन प्रकृयामा दृढतापुर्वक खटिने जिल्ला समन्वय अधिकारी हरि नारायण बेल्बासेलाई अन्तरआत्मा देखि नै बिशेष धन्यवाद ज्ञापन गर्दछु।

२०८३ असार २२

....

ऋषि देव फुयाँल

जिल्ला समन्वय समिति प्रमुख

गोदावरी नगरपालिका
Godawari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
बज्रबाराही, ललितपुर / Bajrabarahi, Lalitpur
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal
२०७३ / 2073

प. सं / Let. No.

च. नं / Ref. No.

शुभकामना सन्देश

जिल्ला समन्वय समिति, ललितपुरको अग्रसरतामा जिल्लाका छ वटै स्थानीय तहद्वारा निर्माण गरिएका कानुनहरूको विविध आयाम तथा आर्थिक वर्ष २०७५/७६ देखि २०८१/८२ सम्मको बेरुजु अवस्था सम्बन्धी अध्ययन गरी त्यसको प्रतिवेदन सार्वजनिक हुन लागेको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

स्थानीय सरकार सञ्चालनको आधार नै सक्षम कानुनी संरचना र उत्तरदायी वित्तीय सुशासन हो । यस दृष्टिकोणबाट हेर्दा छ वटै स्थानीय तहले निर्माण गरेका कानुन, तिनको तर्जुमा प्रक्रिया, अवलम्बित विधि तथा अभिलेख व्यवस्थापनका सबल एवं सुधारयोग्य पक्षहरूको वस्तुगत विश्लेषण गरिएको यो अध्ययन अत्यन्त सान्दर्भिक, समयोचित र उपयोगी रहेको छ । अध्ययनले असल नियतका साथ निर्माण गरिएका कानुनहरूमा देखिएका प्रक्रियागत कमीकमजोरीलाई सुधार तथा परिमार्जन गर्न मार्गनिर्देशन गर्ने विश्वास लिएको छु ।

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू पदबहाली गरेको प्रारम्भिक चरणमै व्यवहारमुखी कानुन निर्माण, प्रशासनिक प्रक्रिया, अभिलेख व्यवस्थापन तथा वित्तीय अनुशासन सम्बन्धी नियमित प्रशिक्षण, पृष्ठपोषण र सहजीकरणको अभ्यास जिल्ला समन्वय समिति वा सम्बन्धित निकायबाट संस्थागत रूपमा सञ्चालन भएको भए स्थानीय शासन प्रणाली अझ प्रभावकारी र परिपक्व बन्ने थियो यस अर्थमा, यो प्रतिवेदन विगतको समीक्षा मात्र नभई आगामी सुधार यात्राको मार्गचित्रका रूपमा समेत स्थापित हुने अपेक्षा गरेको छु ।

प्रतिवेदनमा समेटिएको बेरुजुको तुलनात्मक विश्लेषणले स्थानीय तहको वित्तीय अनुशासन, उत्तरदायित्व र सुशासनको वास्तविक अवस्थालाई स्पष्ट रूपमा प्रतिबिम्बित गरेको छ । संविधान कार्यान्वयनसँगै सीमित संस्थागत क्षमता, न्यून अनुभव र चुनौतीपूर्ण परिस्थितिबाट प्रारम्भ भएको स्थानीय शासनको यात्रा समयक्रमसँगै क्रमिक रूपमा सुदृढ हुँदै गएको तथ्यले उत्साह प्रदान गर्दछ तथापि असुल गर्नुपर्ने भनी कायम भएका बेरुजुहरूको फछ्यौंट तथा नियमिततामा अझ बढी संवेदनशीलता, प्रतिबद्धता र प्रभावकारी कार्यान्वयन आवश्यक रहेको निष्कर्ष अध्ययनको सशक्त पक्षका रूपमा रहेको छ।

जिल्ला समन्वय समितिको आफ्नै पहलमा सम्पन्न यस अध्ययनमा भविष्यमा थप समावेश गर्न सकिने विषयहरू अवश्य छन् तथापि, स्थानीय तहको कानुनी, प्रशासनिक र वित्तीय पक्षको समग्र मूल्याङ्कन गर्ने

Email: info@godawarimunlalitpur.gov.np, Ph. 01-5572592

प. सं / Let. No.
च. नं / Ref. No.

यस्तो प्रयास अत्यन्त प्रशंसनीय, अनुकरणीय र दूरगामी महत्त्वको रहेको मेरो ठहर छ। यस्ता अध्ययन तथा विश्लेषणले जिल्ला समन्वय समितिको संवैधानिक औचित्य र भूमिकालाई थप सुदृढ बनाउनुका साथै स्थानीय तहहरूलाई अझ जिम्मेवार, पारदर्शी, जवाफदेही र सुधारमुखी बन्न सकारात्मक प्रेरणा तथा रचनात्मक दबाब समेत सिर्जना गर्दछन्।

स्थानीय सरकारको नेतृत्व सम्हाल्ने क्रममा प्राप्त अनुभवले एउटा महत्वपूर्ण यथार्थ बोध गराएको छ। राजनीतिक नेतृत्व सामान्यतया नीतिगत निर्णय र विकासका प्रतिफलमा केन्द्रित हुने भए पनि दिगो, प्रभावकारी र सुशासित स्थानीय शासनका लागि आधारभूत प्रशासनिक प्रक्रिया, कानुनी व्यवस्थापन तथा वित्तीय अनुशासनप्रति नेतृत्व स्वयं सचेत, जानकार र उत्तरदायी हुनु अपरिहार्य छ। यस प्रतिवेदनले औंल्याएका निष्कर्ष र सुझावहरूलाई गम्भीरतापूर्वक आत्मसात् गर्दै स्थानीय कानुन तर्जुमामा आवश्यक सुधार, बेरुजु न्यूनीकरण, कायम बेरुजुको प्रभावकारी असुली तथा नियमितता, प्रशासनिक नेतृत्वका लागि अनुकूल कार्यवातावरण निर्माण र जनप्रतिनिधिबाट नेतृत्व गरिने विषयगत समितिहरूलाई अझ सक्रिय, उत्तरदायी र परिणाममुखी बनाउने दिशामा प्रतिबद्धतापूर्वक अघि बढ्ने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, जिल्ला समन्वय समिति, ललितपुरका प्रमुख श्री ऋषिदेव फुयाँलज्यूको दूरदर्शी नेतृत्व, सक्रिय पहल र निरन्तर प्रतिबद्धताका कारण सम्भव भएको यस महत्वपूर्ण अध्ययनले आगामी दिनहरूमा समेत निरन्तरता पाउने विश्वास व्यक्त गर्दछु। विशेष गरी जिल्ला समन्वय अधिकारी श्री हरि नारायण बेल्बासेज्यूको लगनशीलता, व्यावसायिक दक्षता र अथक परिश्रमबाट यो अध्ययन प्रतिवेदन सम्पन्न भएकोमा उहाँप्रति हार्दिक प्रशंसा व्यक्त गर्दछु। यस ऐतिहासिक तथा अनुकरणीय प्रयासका लागि जिल्ला समन्वय समिति परिवारलाई सम्पूर्ण नगरपालिका परिवार तथा नगर प्रमुखको हैसियतबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रतिवेदनको सफल कार्यान्वयन तथा यसबाट प्राप्त हुने सुझावहरूले स्थानीय सुशासन, संस्थागत सुदृढीकरण र जनउत्तरदायी शासन प्रणाली निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने पूर्ण विश्वास व्यक्त गर्दछु।

(गजेन्द्र महर्जन)
नगर प्रमुख
गोदावरी नगरपालिका

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं. ०१-५४३५१२९
०१-५४५५४७५

मानभवन

शुभकामना मन्तव्य

जिल्ला समन्वय समिति ललितपुरले यस जिल्लाको छ वटै स्थानीय तहले निर्माण गरेका कानुनका विविध पक्ष र आ.व.२०७५/७६ देखि २०८१/८२ सम्मको बेरुजूको अवस्थाको अध्ययन गरी प्रतिवेदनको मस्यौदा तयार गरेको देख्दा खुसी महशुस गरेको छु । यस जिल्लामा छ वटा स्थानीय तहले प्रत्येक आ.व. मा आर्थिक ऐन र बिनियोजन ऐन बाहेक समग्रमा ४०३ भन्दा बढी कानुनहरु तर्जूमा गरेको देखियो । अध्ययन प्रतिवेदन सिंहावलोकन गर्दा कानुन निर्माण प्राविधिक र जटिल विषय भएकाले प्रारम्भिक चरणमा कतिपय कमजोरी वा त्रुटिहरु हुनु अन्यथा होइन भन्न सकिन्छ । अपितु कतिपय निर्मित कानुनको आवश्यकता वा औचित्य पहिचान हुन नसकेको, प्रकृयागत कमजोरी रहेको जस्ता प्रतिवेदनमा औंल्याइएका विषयहरूबाट स्थानीय सरकारको शासकीय अभ्यासमा थप परिपक्वताको आवश्यकता देखिएको र आगामी दिनमा थप कानुनी सुधार गर्नुपर्ने हुन्छ ।

अध्ययनको दोश्रो विषय बेरुजू हो । अघिल्लो कार्यकालमा केहि स्थानीय तहको बेरुजू चिन्ताजनक भएपनि पछिल्ला वर्षहरूमा सुधार भएको प्रतिवेदनले देखाउँछ तथापि केही पालिकाहरूमा बेरुजूप्रति न्यून संवेदनशीलता देखिएको र असूल उपर गर्नुपर्ने बेरुजूको अभिलेख नराखिएको विषय प्रतिवेदनमा उल्लेख छ । जुन सुशासनको लागि ठुलो चुनौती हुने देखिन्छ ।

अध्ययनको विषयवस्तुको दायरा अत्यन्त सान्दर्भिक भएतापनि विश्लेषणलाई थप परिष्कृत बनाउनुपर्ने देखिन्छ । अध्ययन कार्यालयको नियमित कर्मचारीहरूबाट भएकाले होला, थप भाषिक सुधार गर्नुपर्ने स्थानहरु छन् । तथापि प्रतिवेदनले दिन खोजेको सन्देश स्थानीय तहको वित्तीय सुशासन तथा कानुन निर्माणमा सहयोगी हुने नै छ ।

अन्त्यमा, स्थानीय तहबाट हुने सेवा प्रवाह एवं विकास निर्माण सम्बद्ध विषयमा अनुगमन गर्ने, सुझाव र पृष्ठपोषण उपलब्ध गराउने, प्राकृतिक श्रोतको संरक्षणमा समन्वय गर्ने जस्ता कार्यमा जिल्ला समन्वय समितिको भुमिका थप प्रभावकारी हुनुपर्ने सन्दर्भमा यस प्रकारका अध्ययन महत्वपूर्ण हुन्छन् भन्दै यो अध्ययन तथा प्रतिवेदनमा संलग्न जिल्ला समन्वय अधिकारी हरिनारायण बेलबासे र उहाँको टिमलाई विशेष साधुभाव टक्राउन चाहन्छु । आगामी दिनमा स्थानीय तहबाट हुने सेवा प्रवाह तथा विकास निर्माण सम्वद्ध बिषयमा अध्ययनका लागि प्रेरणाको स्रोत बन्न सकोस् भन्ने शुभकामना प्रकट गर्दछु ।

....
नरहरि घिमिरे
प्रमुख जिल्ला अधिकारी, ललितपुर

प्रमुख जिल्ला अधिकारी

विषयसूची

शिर्षक पेज नं.

संक्षेपीकरण सूची iii

खण्ड एकः परिचय १

ललितपुर जिल्लाका स्थानीय तहमा विद्यमान बेरुजु तथा फछ्र्यौटको अवस्था सम्बन्धी अध्ययन १

१. विषय प्रवेश १

२. अध्ययनको आवश्यकता वा औचित्यता २

३. अध्ययनको उद्देश्य ३

४. अध्ययनको सीमा ६

५. अध्ययन विधि ७

५.१ अध्ययनको क्रममा अवलम्वित चरणहरू ७

६. अध्ययनको कार्यतालिका ८

७. अध्ययनको वित्तीय प्रारूप ९

खण्ड–दुई ११

लेखा परीक्षण तथा बेरुजुसम्वन्धी नीतिगत व्यवस्था ११

२.१ लेखापरीक्षण र बेरुजुको सैद्धान्तक अवधारणा ११

२.२ आन्तरिक लेखा परीक्षण १२

२.३ लेखा परीक्षण सम्बन्धमा भएका नीतिगत व्यवस्था १३

२.४ अन्तिम लेखा परीक्षण १६

२.५ बेरुजु १८

२.६ बेरुजुका प्रकारहरू १९

२.७ बेरुजु फछ्र्यौटको अभ्यास २०

खण्ड– तीन २२

स्थानीय तहहरुमा रहेको बरुजूको अवस्था विश्लेषण २२

३.१ ललितपुर जिल्लाका स्थानीय तहमा लेखापरीक्षण रकम र बेरुजुको अवस्था २२

३.२ राष्ट्रिय, प्रदेश तथा स्थानीयतहको बिगत ५ आ.व.को बेरुजुको तुलनात्मक अवस्था २४

३.३ स्थानीय तहगत बेरुजु तथा फछ्र्यौटको बिवरण (२०७५/०७६–२०८१/०८२) २५

३.३.१ ललितपुर महानगरपालिका २५

३.३.२ गोदावरी नगरपालिका २६

३.३.३ महालक्ष्मी नगरपालिका २७

३.३.४ महाङ्काल गाउँपालिका २८

३.३.५ बागमती गाउँपालिका २९

३.३.६ कोन्ज्योसोम गाउँपालिका ३०

खण्ड चारः ३९

बिश्लेषण सुझाव तथा निष्कर्श ३९

४.१ बिश्लेषणका आधारहरु ३९

४.२ स्थानीय तहमा बेरुजुका उच्च रहनुका कारणहरु ४०

४.३ स्थानीय तहमा बेरुजु बढ्नुका केही अन्य कारणहरू ४९

४.४ अध्ययनको आधारमा स्थानीय तहमा वेरुजु कम गर्नको लागि सुझावहरु ५१

४.४.१ निरोधात्मक उपायहरु ५२

४.४.२ उपचारात्मक उपायहरु ५३

निष्कर्ष ५५

सन्दर्भ सामग्री ५८

संक्षेपीकरण सूची

जिसस: जिल्ला समन्वय समिति

न पा : नगरपालिका

गा पा : गाउँपालिका

LGPAS : Local Governacne Performance Assessment System

आ.व. : आर्थिक वर्ष

म.ले.प. : महालेखापरीक्षक

आ.ले.प. : आन्तरिक लेखापरीक्षक

प्र.प्र.अ. : प्रमुख प्रशासकीय अधिकृत

ले.प. : लेखापरीक्षण

NAMS : National Audit Management System

आ.प्र. : आर्थिक प्रशासन

उ.स. : उपभोक्ता समिति

अल्या : अघिल्लो वर्षबाट रकम वा मौज्दात जिम्मेवारी सार्ने काम

खण्ड एकः परिचय

ललितपुर जिल्लाका स्थानीय तहमा विद्यमान बेरुजु तथा फछ्र्यौटको अवस्था सम्बन्धी अध्ययन

१. विषय प्रवेश

प्रभावकारी वित्तीय व्यवस्थापन सुशासनको मेरुदण्ड हो। आमजनताको करबाट संचालन हुने सार्वजनिक संस्था/ निकायको हकमा प्राप्त गर्ने आम्दानी, सोको विनियोजन/बाँडफाँड वा वितरण, खरिद प्रकृया तथा खर्चको भुक्तानीमा नियमितता साथै मितव्ययिता, सम्पादित कार्यको अभिलेख प्रमाणको व्यवस्थित अभिलेख एवं सोको लेखा परीक्षण गराई परीक्षणबाट प्राप्त राय प्रतिक्रिया सुझाव तथा औँल्याईएका कैफियतहरुको पालना गर्नु गराउनु सार्वजनिक निकायको दायित्व र जिम्मेवारी हो। राज्यकोषमा आधारित सार्वजनिक निकायहरुले उक्त जिम्मवारीको पालना साथै पुर्व सावधानीमा अग्रसरता देखाउदै वित्तीय अनुशासन कायम गर्नु वर्तमान समयको प्रमुख माग हो। सबै संस्था वा निकायले आफूलाई अब्वल भएको वा आफ्नो नेतृत्वको कार्यकाल उत्कृष्ट भएको दाबी गर्दछन्। यो मानवीय स्वभाव पनि हो। सिद्धान्त वा भनाईमा गरिने दाबी र व्यवहारमा देखिने फासला नै वास्तविकता पर्गेल्ने एउटा प्रमुख मानक हो बित्तीय अनुशासनको चित्रण दर्शाउने लेखा परिक्षण प्रतिवेदन।

प्रभावकारी वित्तीय व्यवस्थापन सार्वजनिक संस्थाको रक्तसंचार भएकाले यसलाई सुदृढ बनाउन सरकारी संस्थाको आर्थिक कारोवारलाई पारदर्शी, अनुमानयोग्य र व्यवस्थित तुल्याउन धेरै कानुनहरु अवलम्वन गरेको छ। जनताको सबैभन्दा निकट रहेको शासकीय इकाई स्थानीयतहहरुले पनि संघीय तथा प्रदेश कानुनसँग नबाझिने गरी आफ्नो आय तथा खर्चका प्रणाली वा अभ्यासलाई अनूकुलन बनाउन थप मापदण्ड तथा कार्यविधि वा निर्देशिका समेत बनाई लागू गरिएका छन। त्यसै गरी स्थानीयतहले पनि आफूले गरेको आर्थिक कारोवारको सम्वन्धमा महालेखा परीक्षकबाट लेखा परीक्षण गराई सार्वजनिक जवाफदेहिता निर्वाह गर्दै आएका छन। लेखा परीक्षण त्यसका एउटा माध्यम हो जसले संस्थाको आम्दानी तथा खर्च संस्थाको उद्धेश्य अनुरुप भएको छ छैन र वित्तीय कारोवारमा नियमितता, मितव्ययिता, औचित्यता तथा प्रभावकारीताको उजागर गर्दछ।

कानुनतः स्थानीयतहले गरेको आर्थिक कारोवारको परीक्षण आन्तरिक तथा बाहय स्वन्त्र निकायबाट गरिँदै आइएको छ । संघीय स्वरुपको शासकीय अभ्याससँगै स्थानीयतहमा बेरुजुको परिमाण, प्रतिशत तथा प्रवृति चिन्ताजनक देखिएको व्यहोरा महालेखा परीक्षकको प्रतिवेदनमा पुनरावृति भैरहनु गम्भीर चुनौती रुपमा उठाएको देखिन्छ । बढदो बेरुजुको अङ्कलाई एकमुष्ठ गर्दै स्थानीय तहमा कुशासन मौलाएको भनि व्यापक आलोचना पनि भैरहेको छ । जनताको सबैभन्दा नजिक रहेको सरकारको यो कमजोरी डढेलो जस्तै व्यापक भई संघीयता प्रति नै अबिश्वास बढाएको जस्तो प्रतित हुन्छ भलै सबै स्थानीय तहहरुलाई समान रुपमा राख्न नमिल्ला। त्यसै गरी लेखा परीक्षणको क्रममा औंल्याइने गरेको बेरुजु र कायम भएको बेरुजु फछ्यौंट प्रति सम्वद्ध निकाय वा अधिकारीले गरेको उपेक्षा वा असंवेदनशीलता कारण आम नागरिकमा सरकार खासगरी स्थानीय सरकार प्रति पनि आलोचनाको ग्राफ उकालो लाग्दै गएको छ । यसै गरी बिभिन्न नियामक निकायमा स्थानीयतह सम्वद्ध उजूरीहरु पनि बढदै गएका समाचारहरु प्रकाशन भैरहेको छन। शायद यी कारणहरुले होला स्थानीय सरकार संचालन ऐन, २०७४ मा संशोधन तथा स्थानीयतहको पुनसंरचनाको आवश्यकता सम्बन्धी आवाज थप सघन हुँदै गईरहेको छ ।

२. अध्ययनको आवश्यकता वा औचित्यता

जिल्ला समन्वय समितिको जिम्मेवारीलाई प्रभावकारी बनाउन जिल्लाभित्रका स्थानीय तहबाट प्रवाह हुने सेवा तथा बिकास निर्माणको बिषयमा अनुगमन अध्ययन र अनुन्धान अनिवार्य शर्त हो। प्रस्तावित बिषयमा अध्ययनको लागि गत आ.व.मा कार्यक्रम समावेश भएता पनि सम्पादन गर्न गराउन सकिएको थिएन। अन्य निकायहरुको कार्यसम्पादनको नियमित समीक्षा गराउने तथा स्थानीय तहहरुको कार्यसम्पादन मुल्यांकन गर्ने जिम्मेवारी बोकेको जिससले तथ्यपरक सुझाव प्रतिक्रिया तथा पृष्ठपोषण उपलब्ध गराउन तथ्य प्रमाण प्रवृति बारेका तथ्य प्रमाण आवश्यक हुन्छ । यसै गरी प्रदेश सरकारको अनुदान अन्तरगत तोकिएको जिम्मेवारी सम्पादन गरी प्रतिवेदन गर्नु पनि संस्थाको कर्तव्य हो ।

त्यसैले मुलुकले संघीय शासन प्रणाली अवलम्बन गरे पश्चात् स्थानीय तहलाई धेरै अधिकार काम कर्तव्य एवं वित्तीय हस्तान्तरण गरियो । यसै क्रममा स्थानीय तहहरूले संघीय तथा प्रदेश सरकारबाट बिभिन्न नाममा प्राप्त गर्ने अनुदान तथा आन्तरिक आम्दानीहरु बढेको मात्र होइन यसबाट स्थानीय स्तरमा विकासले धेरै गति पनि लिएको छ । अपितु

स्थानीय तहको शासकीय अभ्यास/ प्रबन्धको क्रममा वित्तीय सुशासनका आयामहरू कमजोर भएको, बेरुजु अनियन्त्रित तथा अस्वभाविक रुपमा बढेको भन्दै सर्वत्र आलोचना भईरहेकोले यो बिषयलाई केन्द्रित गरी अध्ययन गरिएको हो।

निसन्देहः सबै स्थानीय तहहरूलाई एउटै डालोमा राखेर हेरिनु हुँदैन। कतिपय स्थानीय सरकारहरू सुशासनका सवालमा अत्यन्त सचेत पनि देखिएका छन् । समयक्रमसँगै सवल सुढृढ एवं सुधारहरु संस्थागत पनि भैरहेका छन। परन्तु बेरुजुको आकार तथा प्रवृतिको कोणबाट नियाल्दा धेरै स्थानीय तहहरू अपेक्षित रुपमा संवेदनशील देखिँदैनन् भन्न अत्योक्ति नहोला । बेरुजुलाई गंभिर समस्याको रुपमा लिएर त्यसलाई न्यूनीकरण गर्ने र औंल्याइएका बेरुजुहरूको फछ्र्यौट गर्न नीतिगत, संस्थागत, कार्यगत व्यवस्थाहरू पनि अवलम्वन भइरहेका छन् । तथापी महालेखा परीक्षकको कार्यालयबाट हुने अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औल्याईने अंङ्कले हाम्रो प्रतिवद्धतालाई तथ्य गिज्याएको जस्तो देखिन्छ । साथै बेरुजु उच्च रहनु र कायम रहेको बेरुजु फछ्र्यौटमा पनि तदारुकता नदेखिनु सुशासनको दिशामा बहुपक्षीय अवरोध महसुश गरी यस जिल्लाको स्थानीय तहहरुलाई प्रत्यक्ष वा परोक्ष रुपमा योगदान पुग्ने अपेक्षा राखी यो अध्ययन गरिएको हो ।

स्थानीय शासकीय अभ्यासमा देखिएका कमजोरीबाट ललितपुर जिल्लाका स्थानीयतहहरु पनि अछुतो छैनन् । तथापि परिमाण(Volume) तथा प्रवृति(Trend) को आधारमा स्थानीय तहहरुबीच पनि व्यापक असमानता रहेको छ। यस सन्दर्भमा ललितपुर जिल्ला भित्रका ६ वटा स्थानीय तहहरूमा संघीय शासन प्रणाली अवलम्वन पछिको अवधिमा (२०७४/७५ - २०८१/८२ सम्मको) महालेखा परीक्षकको कार्यालयबाट गरिएको लेखा परीक्षणमा औंल्याईएको बेरुजुको परिमाण र कायम बेरुजु फछ्र्यौटको अवस्था केलाउनु रहेको छ। यसको अतिरिक्त बेरुजु घटाउन वा कम गर्न स्थानीय तहहरुबाट गरिएका प्रयास एवं सो क्रममा आर्थिक प्रशासन आन्तरिक लेखा परीक्षणमा संलग्न कर्मचारीहरु र जिम्मेवार जनप्रतिनिधीहरुको अनुभव वा भोगाई समेत समाबेश गरी एकीकृत स्वरुपको प्रतिवेदन तयारीको लक्ष्य राखी यो अध्ययन गरिएको छ।

३. अध्ययनको उद्देश्य

नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले जिल्ला समन्वय समितिको जिम्मेवारी अन्तर्गत जिल्ला भित्रका स्थानीय तहहरुको सेवा प्रवाह

तथा विकास निर्माणमा समन्वय तथा सहजीकरण रहेको छ । यो जिम्मेवारी सम्पादनको लागि स्थानीय तहहरुले सम्पादन गरेको काम कारवाही तथा सम्वद्ध विषयमा अभिलेख सूचना तथ्याङ्क सङ्कलन अद्यावधिकरण साथै तुलनात्मक अध्ययन विश्लेषण एवं पृष्ठपोषण आवश्यक रहन्छ । यसको साथ-साथै एउटा निकायले गरेका असल र सफल अभ्यासलाई उजागर गरी त्यसलाई अन्यत्र अवलम्वन साथै मुलप्रवाहीकरणमा जिससले योगदान पुऱ्याउन सक्तछ भन्ने मान्यतामा यो अध्ययनको पहल गरिएको हो । जिल्लाका स्थानीयतहमा कायम रहेको बेरुजुको रकम तथा त्यसको संरचना उल्लेख्य रहेको छ। यसमा केहि सुधारको लागि तथ्याङ्कगत सुझाव सहित पृष्ठपोषण उपलब्ध गराउन वेरुजु सम्बन्धी जिल्लाकै एकीकृत तथा वर्गीकृत बिवरण तयार गर्न आवश्यक देखिएको छ।

बेरुजु कम गर्ने विषयमा नीति तथा भाषण, लेखरचना मार्फत उच्च महत्व दिएको देखिन्छ। परन्तु प्रतिवेदनमा रहेको अङ्क तथा प्रवृति प्रति कतिपय स्थानीय तहमा संवेदनशीलता व्यवहारमा रुपान्तरण गर्न सकेको देखिँदैन। यसै तथ्यलाई हृदयंगम गरी यस जिल्लाका ६ वटा स्थानीय तहहरूमा समग्र वित्तीय अनुशासनको अवस्था दर्शाउने वित्तीय व्यवस्थापन भित्रको अभिन्न **अङ्ग** लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएको **बेरुजुको वार्षिक तथा एकीकृत अवस्था तयार** गरी सो को **प्रवृतिको बिश्लेषण गरी तुलनात्मक अवस्था** देखाउनु अध्ययनको प्रमुख उद्देश्य रहेको छ। यसको लागि बूँदागत रुपमा निम्न उद्देश्य राखिएको छः

- महालेखा परीक्षकको अन्तिम प्रतिवेदनमा औँल्याइएको बेरुजुको स्थानीय तहगत एकीकृत विवरण तयार गर्ने ।
- प्रतिवेदनमा औल्याईएको बेरुजु फछ्र्यौटमा स्थानीय तहले देखाएको तदारुकता लिपीबद्ध गर्ने ।
- बेरुजु कम गर्ने वा कायम भएको बेरुजु फछ्र्यौटमा स्थानीय तहले अवलम्वन गरेका नीतिगत व्यवस्था, मापदण्ड आदि लागू गरेको भए पहिचान गरी उपयूक्त भएमा अन्य स्थानीय तहको लागि सिफरिस गर्ने ।
- कायम भएको बेरुजु, त्यसको स्वरुप र फछ्र्यौटको अवस्थाको तुलनात्मक चित्र देखाउने।
- बेरुजुको प्रकृति तथा प्रवृतिको विश्लेषण गर्ने र स्थानीय तहगत एकीकृत र तुलनात्मक अवस्था देखाउने ।

यी उद्देश्यको अतिरिक्त यो अध्ययनले तपसीलको बिषयहरु पनि थप उजागर गर्ने अपेक्षा समेत गरिएको छः

- स्थानीय तहको बेरुजु सम्बन्धमा देशभरिको औषत अवस्था ललितपुर जिल्लाको समग्र तथा पालिकाको औषत अवस्था देखाउने ।
- स्थानीयतहहरुमा बेरुजु असुली लगायत फछ्र्यौट प्रतिको संवेदनशीलता उजागर हुने ।
- नियमित गर्नुपर्ने बेरुजुको सम्बन्धमा भएको निर्णय एवं कार्यान्वयन अवस्था देखाउने।
- बेरुजुको बिवरण अल्या गरे/नगरेको साथै असुली वा नियमित गरेको बिवरण कागजात अभिलेख भए नभएको यकिन गर्ने ।
- आन्तरिक नियन्त्रण प्रणाली भए /नभएको पहिचान, आन्तरिक नियन्त्रण प्रणालीमा बेरुजुको विषय समावेश भए नभएको पहिचान गर्ने ।
- आन्तरिक लेखापरीक्षणको सक्रियता र जिम्मेवारीपनको अवस्था पहिचान गर्ने ।
- बेरुजुको सम्बन्धमा कार्यपालिका एवं नगर/गाउँसभामा भएका छलफल तथा निर्णयहरूको संग्रह तयार हुने ।

समग्रमा, यस जिल्लाका सबै स्थानीय तहहरुको बेरुजु सम्बन्धी एकीकृत प्रतिवेदन तयार हुने र यसले स्थानीय तहको राजनैतिक तथा प्रशासनिक नेतृत्वलाई पनि आर्थिक अनुशासन कायम गर्न ठोस आधार तथा नैतिक दवाब पनि श्रृजना हुने अपेक्षा राखिएको छ। यसै गरि चालु आ.व.२०८२ /०८३ को लागि यस कार्यालयको प्रस्तवित जिम्मेवारी सम्पादन भई प्रगति अवस्थामा सुधार हुनेछ। यसै गरी यो अध्ययनलाई आधार बनाई आगामी आ.व.हरुमा यसमा अद्यावधिक तथा थप परिमार्जन गर्न सहज हुनेछ । यसै गरी जि.स.स.को भूमिकालाई लिएर चौतर्फी रुपमा भईरहेको आलोचना/ बहसलाई सकरात्मक रुपमा प्रस्तुत गर्न यो अध्ययन उदाहरणीय हुने बिश्वास गरिएको छ। करिब दुई कार्यकालको स्थानीयतहको अभ्यासलाई खासगरी वित्तीय सुशासनको आयामबाट बिश्लेषण सहित प्रस्तुत हुने चित्रले आर्थिक अनुशासन कायम गर्न/गराउन नेतृत्व तहलाई सहयोग पुग्नेछ।

४. अध्ययनको सीमा

अध्ययनको लागि विनियोजित बजेट (दुईवटा बिषयमा अध्ययनको लागि जम्मा रु. २,८०,०००।-(दुईलाख असीहजार मात्र)) अति न्यून भएकाले परामर्शदाताबाट उक्त अध्ययन गराउन सम्भव हुन सकेन। अध्ययनको लागि आवश्यक विवरण डाटा एकीकृत रुपमा उपलब्ध गराउने अवस्था स्थानीय तहमा उपलब्ध नभएकाले सो को लागि पटक पटक आतेजाते गर्नुपर्ने भएको साथै अभिलेख प्राप्ति तथा सो को एकिन गर्न लागि स्थानीयतहमा अतिरिक्त पहल गर्नु पर्ने बाध्यता भएकोले समय धेरै लागेको छ । अध्ययनले मागेका कतिपय सूचनाको बारेमा स्थानीय तहको आर्थिक प्रशासन शाखा आँफैमा अनभिज्ञ रहेको भएको साथै बिवरणहरु एकिकृत तथा अद्यावधिक नभएकाले बहु दस्तावेज एवं स्रोतको अध्ययन गर्नुपर्ने भएकाले बाह्य स्रोत व्यक्ति वा विज्ञलाई समावेश गराउने अवस्था वित्तीय सीमितताले सम्भव हुन सकेन ।

प्रारम्भिक तहको अध्ययनबाट स्वयं महानगरपालिकामा समेत बेरुजुको अलग लगत अभिलेख तथ्याङ्क नभएको र सबै स्थानीय तहको आ.प्र. शाखा/प्रशासन शाखासँग सहकार्य गर्नुपर्ने भएकोले लेखाका जिम्मेवार कर्मचारीको सहयोग अनिवार्य भएकाले उनीहरुको अनुकूल समय पर्खनु परेको। विभिन्न स्रोतबाट उपलब्ध तथ्याङ्कमा एकरुपता नभएकोले तथ्याङ्कक भिडान गर्नुपर्ने झन्झट रहेको। बेरुजुको विषयमा भए गरेको कार्यपालिकाका बैठकबाट विभिन्न निर्णयहरू समेत अन्य निर्णयहरु एकै साथ हुने र त्यसको अभिलेख लेखा शाखामा नपाईएको र प्रस्तावहरु लेखाबाट उठान भएको समेत नपाईएकोले बैठकका प्रस्ताव सोमा भएको छलफल तथा निर्णयहरु अध्ययनमा समावेश गर्न नसकिएको । कार्यालयको नियमित जिम्मेवारीको अतिरिक्त प्रस्तुत यो अध्ययन कार्य अतिरिक्त काम भएको र अध्ययन कार्यको लागि अति नै सिमित जनशक्ति भएका कारण अध्ययनलाई परिष्कृत स्वरुपमा र गहिराईमा अध्ययन गर्न कठिनाई भएको ।

स्थानीय तहमा खासगरी आ.प्र.सँगको समन्वय र सहकार्यमा काम गर्नुपर्ने भएको तर तथ्याङ्क प्राप्तिको लागि पदसोपानले महत्त्व राख्ने भएकाले तथ्याङ्क संकलन तथा अन्य जानकारीको लागि कार्यालय प्रमुख स्वयं आँफै उपस्थित भई सबै स्थानीय तहको आ.प्र. सम्वद्ध जनशक्तिसँग सहयोग माग्नु परेको । कार्यालयको मौजुदा जनशक्तिबाट अध्ययन गर्दा फिल्डमा खटिने कर्मचारीले नियमानुसार दैनिक भ्रमण भत्ता मात्र पाउने भएकाले कर्मचारीहरुमा यो जिम्मेवारी प्रति अपेक्षित रुचि नभएकाले अध्ययन तालिकामा केही बिलम्ब भएकाले अन्तिम समयमा चाप परेको।

यही प्रयोजनको लागि गत आ.ब. २०८१।८२ मा पनि उक्त कार्यक्रम समावेश भएको भए तापनि सो कार्यक्रम कार्यान्वयन गर्न नसकिएको वा नभएकोले पनि चालू आ.व.मा चुनौती थपिएको । अध्ययन आँफैमा पनि शैक्षिक(Academic) कार्य हो। यो काममा ६ वटै स्थानीयतहका खासगरी लेखा तथा आलेप सम्वद्ध कर्मचारीहरु तथा लेखा समिति र सुशासन तथा संस्थागत विकास समितिको सदस्यहरुको सहयोग सहकार्य आवश्यक भएकाले अध्ययन थप जटिल एवं लामो हुन गएको छ । यसै गरी चालु आ.व. को फाल्गुणमा संसदीय निर्वाचन भएकाले पनि अध्ययनमा समय व्यवस्थापनमा अतिरिक्त चाप हुन गएको छ ।

सिमित समयमा सम्पन्न गर्नु पर्ने र यसको लागि अलग्गै जनशक्ति खटाउने अवस्था नभएकोले अध्ययन अपेक्षित रुपमा बृहत तथा गहन हुन सकेको छैन। धेरै सिमितताका वाबजुद तयार गरिएको यो अध्ययन प्रतिवेदन स्थानीय तहका बेरुजु न्यूनीकरणका लागि पृष्ठपोषण र वित्तीय अनुशासनको लागि प्रत्यक्ष वा परोक्ष रुपमा सहयोगी हुने अपेक्षा रहेको छ। साथै जिसस स्वयंको जिम्मेवारी संपादनमा यो दस्तावेज एउटा बलियो सन्दर्भ सामग्री हुनेछ।

५. अध्ययन विधि

यो अध्ययनमा परिमाणात्मक र गुणात्मक (Quantitative र Qualitative) दुवै प्रकारको संयोजन रहेको छ । संघीय शासन व्यवस्था अवलम्वन पश्चात् यस जिल्लाका ६ वटै स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि बहाली भएपछिको प्रत्येक आर्थिक वर्षमा महालेखा परीक्षकको कार्यालयबाट कायम भएको बेरुजु सङ्कलन, प्रविष्टि एवं तालिकीकरण गरिएको छ । संकलित तथ्याङ्क विवरणलाई आधिकारिकताको लागि रुजु (Verification)गरी सम्वद्ध स्थानीय तहमा पठाइ त्यसको भिडान गरिएको छ। यसै गरी सम्वद्ध अधिकारीहरुबाट प्राप्त प्रतिक्रिया तथा सुझाव (Feedback) समेत समावेश गरी प्रतिवेदनलाई यथासक्य तथ्याङ्कमा आधारित बनाईएको छ ।

५.१ अध्ययनको क्रममा अवलम्वित चरणहरू

१. अध्ययनका लागि कर्मचारी बैठक तथा छलफल गरी मौजुदा जनशक्तिबाटै अध्ययन गर्ने प्रतिवद्धता र जिम्मेवारी किटानीको लागि पहल गरिएको ।

२. अध्ययन प्रस्ताव तयार गरी प्रस्तावनाको बारेमा जिल्ला समन्वय समितिको बैठकमा प्रस्तुती साथै अनुमोदन गराईएको ।
३. विवरण माग गर्ने ढाँचा (Format) तयार तथा नमूना अभ्यास गरी अन्तिम रुप दिने कार्य भएको ।
४. सबै स्थानीय तहबाट ढाँचा अनुसारको विवरण उपलब्ध गराईदिनको लागि कारण सहित अनुरोध गरिएको ।
५. प्रत्येक महिना कम्तीमा अध्ययनमा भएका प्रगतिको समीक्षा गरिने गरिएको।
६. प्राप्त तथ्याङ्क(Data) विवरणलाई कम्प्युटरमा प्रविष्टि गराउँदै लगिएको ।
७. अध्ययनको मस्यौदा तयार गरी ६ वटै स्थानीय तहका आ.प्र. तथा आलेपमा संलग्न कर्मचारीहरुसँग पृष्ठपोषणको लागि अन्तरक्रिया गरिएको । साथै स्थानीयतहको प्रशासनिक नेतृत्व, सुशासन लेखा र विधायन समितिका संयोजकहरुसँग समेत राय सुझाव माग गरिएको ।
८. महालेखा परीक्षकको अन्तिम प्रतिवेदनमा संलग्न अध्ययन र मुख्य विषय टिपोट गरी प्रविष्ट गरिएको ।
९. अन्तिम मस्यौदा जिल्ला समन्वय समितिको बैठकमा प्रस्तुत गरिएको र सो अध्ययनको उक्त मस्यौदा जिल्ला सभाबाट अनुमोदन गराई जिससको वेबसाईट(Website) मार्फत सार्वजनिक गरिएको।

६. अध्ययनको कार्यतालिका

कार्यालयको नियमित कामको अतिरिक्त बिषयवस्तुको दायरा र बजेटको सिमितताको कारण निम्नानुसारको कार्यतालिका बनाई अध्ययन कार्य सम्पन्न गरिएको छ ।

१ कार्यालयबाटै अध्ययन गर्ने सैद्धान्तिक सहमतिः- वि.सं. २०८२ कार्तिक
२ अध्ययन प्रस्तावना तयारी, सो उपर छलफल र स्वीकृति- वि.सं. २०८२ मंसीर
३ निर्रधारित ढाँचा सहित विवरण /तथ्याङ्क माग गरी स्थानीय तहमा कार्यालय प्रमुख/आर्थिक प्रशासन शाखासँग अन्तरक्रियाः- वि.सं.२०८२ मंसिर/पौष
४ पहिलो चरणको डाटा सङ्कलन र प्रविष्टिः- वि.सं. २०८२ माघ/फागुन
५ स्थानीय तहको डाटा र मलेपको प्रतिवेदनमा उल्लेखित तथ्याङ्कको Cross check
६ बेरुजु सम्बन्धी विषयमा बिषयगत समिति कार्यपालिका तथा सभाबाट भएका निर्णयहरु सङ्कलन- चैत्र/वैशाख

७ प्रारम्भिक प्रतिवेदन मस्यौदा तयारी, आ.प्र. प्रमुखहरुबीचको अन्तरक्रिया:- २०८३ जेष्ठ

८ मस्यौदा परिमार्जनको कार्य २०८३ आषाढ

९ सरोकारवालाहरु सहभागी गराई मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण, Feedback संकलन र Update गरी अन्तिम स्वरुप प्रदान गरी जिससबाट स्वीकृत ।

१० २०८३।३।२२ मा सम्पन्न जिल्ला सभाबाट अनुमोदन गराई वेबसाइट मार्फत सार्वजनिकरण गरिएको ।

११ प्रतिवेदनको प्रति भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार मन्त्रिपरिपद् कार्यालय एवं सबै ६ वटै स्थानीय तहमा पठाइएको ।

७. अध्ययनको वित्तीय प्रारूप

बागमती प्रदेश सरकारबाट चालु आव २०८२/८३ को लागि यस कार्यालयलाई प्राप्त अनुदान मध्ये स्थानीय तहले सम्पादन गरेका कामहरुको अध्ययनको लागि शुरुमा बिनियोजित बजेट रु. चार लाख रहेको । जेनजेड आन्दोलन पश्चात् भएको संशोधन अनुरुप रु. २८००००। (दुईलाख असी हजार मात्र) कायम हुन आएको । उक्त बजेटबाट दूईवटा बिषयको अध्ययन समावेश भएकाले दुवै अध्ययनलाई समानान्तर रुपमा संचालन गर्ने गरी निम्नानुसारको लागत अनुमान तयार गरिएको थियो:

१ कार्यालय समयको अतिरिक्त खटिने कर्मचारीहरुलाई नियमानुसार बिहान बेलुका तथा सार्वजनिक बिदाको दिन अध्ययनको क्रममा खाना /खाजा - रु. ६००००।

२ Stationary (टोनर, फोटोकपी पेपर, प्रिन्टङ्ग बाईण्डिङ्ग आदि) रु. ४००००।

३ स्थानीयतहमा छलफल अन्तरक्रिया रु १०००००। (सबै पालिकामा गरिने अलग अलग तथा स्थानीयतहका प्रमुख उपप्रमुख, प्रमुख प्रशासकीय अधिकारी, बिषयगत समितिका सदस्यहरु, लेखा तथा आलेप अधिकारी)

४ मस्यौदा प्रतिवेदन उपर रायसुझाव अन्तरक्रिया (कोलेनिका, प्रदेश लेखा ईकाई कार्यालय, मलेप, स्थानीय तहका लेखा विधायन तथा सुशासन समितिको सदस्य र लेखा तथा आलेपमा संलग्न अधिकारी, जिल्ला प्रशासन कार्यालय, जिसस पदाधिकारी समेतको सहभागितामा छलफल) रु.६००००।

५ विविध:- रु. २०,०००

बागमती प्रदेश सरकारबाट चालु आव २०८२/०८३ को लागि स्वीकृत अनुदान अन्तर्गत यो कार्यक्रम कार्यान्वयन गर्नु कार्यालयको दायित्व हो । यसले जिससलाई जिवन्त संस्था बनाउन भरथेग गरेको साथै सम्वद्ध स्थानीय तह लगायत सरोकारवालाहरुलाई एउटा सन्दर्भ सामग्री तयार हुनेछ । प्रस्तावित अध्ययन कार्य कार्यालयको नियमित समयमा मात्र गर्न गराउन नसकिने अवस्था स्वयंसिद्ध नै छ। यसको लागि सो कार्यमा संलग्न कर्मचारीहरुले Data entry, Analysis प्रतिवेदन तयारी जस्ता कामहरु सार्वजनिक बिदाका दिनमा र नियमित कार्यालयको दिनमा बिहान र बेलुका अतिरिक्त समयमा खटिएर गर्नु गराउनु परेको अवस्था छ । यसरी बिहान बेलुका र सार्वजनिक विदाको दिन काममा खटिएका जनप्रतिनिधी/कर्मचारीहरुलाई प्रचलित नियमानुसार खाना र खाजा उपलब्ध गराईएको छ । यसैगरी स्थानीय तह र जिससमा यस बिषयमा भएका छलफल, अन्तरक्रियामा गर्दा सहभागीहरुलाई चियाकफी, खाजा उपलब्ध गराईएको थियो ।

अध्ययनलाई परिष्कृत बनाउन प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार भएपछि कानुनी बिषयमा सरकारी वकिल कार्यालय र आर्थिक प्रशासनको बिविध पक्षमा संघीय र प्रदेश दुवै कोष तथा लेखा नियन्त्रक कार्यालय, स्थानीयतहका लेखा तथा आलेपमा संलग्न अधिकृत तथा अन्य सरोकारवालाहरु समेतको सहभागितामा छलफल गरी रायसुझाव सङ्कलन गरिएको छ । यसै गरी अध्ययन सम्बन्धी काममा भएको प्रगति लगायत अन्य बिषयमा नियमित रुपमा जिसस बैठकमा प्रस्तुत गरिएको थियो । प्राप्त सुझाव पृष्ठपोषणलाई समावेश गरी तयार भएको अन्तिम प्रतिवेदन जिसस बैठकबाट स्वीकृत भई मिति २०८३/०३/२२ मा सम्पन्न जिल्ला सभाबाट अनुमोदन गराईएको छ । जिल्ला सभाका सदस्यहरु, स्थानीय तहका प्रमुख, उप-प्रमुख, अध्यक्ष, उपाध्यक्ष सहितको सहभागितामा सभामा प्रतिवेदनको सारांश प्रस्तुती प्रति सकारात्मक प्रतिक्रिया समेत प्राप्त भएको र साथै अध्ययन कार्यमा संलग्न सबैलाई विशेष धन्यवाद प्राप्त भएको ।

खण्ड-दुई

लेखा परीक्षण तथा बेरुजुसम्वन्धी नीतिगत व्यवस्था

२.१ लेखापरीक्षण र बेरुजुको सैद्धान्तक अवधारणा

लेखापरीक्षण (Auditing) एक विशेष परीक्षण हो। लेखापरीक्षणको उद्देश्य भनेको संस्थाको वित्तीय कारोवार जाँच गरी सोको आधारमा प्रतिवेदन तयार गर्नु हो । यस्तो प्रतिवेदनले संस्थाको वित्तीय अवस्था तथा कार्यसम्पादनको यथार्थ चित्रण देखाउन र आर्थिक कारोवार (आय तथा व्यय)को सम्बन्धमा लेखापरीक्षण प्रतिवेदन मार्फत कारोबारमा देखिएका कमीकमजोरी ओल्याउने र सुधारको लागि सुझाव वा पृष्ठपोषण पनि समावेश गरिन्छ । यसैगरी देखिएका कैफियत सुधार गर्न लगाउने तथा पुनरावृति हुन नदिन सुझाव दिने काम पनि लेखा परीक्षणको अभिन्न अगं हो। लेखापरीक्षणले सामान्यत संस्थाको वित्तीय कारोवारको बाहृय व्यक्तिबाट स्वतन्त्र ढंगले गराइने परीक्षणलाई जनाउछ । तथापी स्थानीय तहमा आन्तरिक लेखा परीक्षणलाई पनि व्यवस्थापनको अनिवार्य अंगको रुपमा समावेश गरिएको छ । जसको अभिष्ट हो, वित्तीय कारोबारबाट सम्भावित त्रुटी वा कमजोरी पहिचान गरी व्यवस्थापनलाई सहयोग गर्ने र देखिएका कमजोरीलाई समयमै सुधार गर्न सिफारिस गर्नु हो ।

वित्तीय पारदर्शिता र जवाफदेहीता प्रवर्द्धन गर्न, स्वच्छ, सन्तुलित र नियमित आर्थिक प्रशासन सञ्चालनमा सहयोग पुऱ्याउन, संस्थाको उद्देश्य र हित अनुकूल हुने गरी नतिजामुखी ढंगले संस्था सञ्चालनमा लेखापरीक्षण औजार हो । नियमित रूपमा आर्थिक क्रियाकलापको परीक्षण गरी आर्थिक अनुशासन कायम राख्न र सार्वजनिक जवाफदेहिताको औपचारिक माध्यम हो, लेखापरीक्षण। कार्यालय भित्र आन्तरिक नियन्त्रण प्रणालीको अवलम्वन, आय व्ययको यथार्थ चित्रण, सार्वजनिक स्रोतको विवेकपूर्ण पयोग साथै स्थापित नियम कानुन, मापदण्डको पालना जस्ता पक्षलाई संस्थागत गर्दै व्यवस्थापनलाई जिम्मेवार बनाउन संवैधानिक अंगको रुपमा महालेखा परीक्षकको व्यवस्था गरिएको छ । जसलाई निश्चित आधार सहित विवेकको प्रयोग थर्ने स्वतन्त्रता र स्वायत्तता दिएको छ ।

वित्तीय संघीयताको प्रभावकारिता अभिबृद्धि गरी कार्यालयको समष्टिगत आर्थिक स्थायित्वमा सुधार गर्न, कार्यालयको नीति निर्माणमा योगदान पुऱ्याउन र गल्ती

कमजोरीहरू समयमै पत्ता लगाई सुधारका लागि व्यवस्थापनलाई सहयोग गर्न साथै भविष्यमा गल्ती नदोहोरिने अवस्था सिर्जना गर्न लेखापरीक्षण गरिन्छ। नियमित लेखापरीक्षणले सार्वजनिक परीक्षण एवं व्यवस्थापन परीक्षणलाई महत्व दिंदै कार्यालयको समग्र व्यवस्थापकीय सक्षमता अभिवृद्धिमा सहयोग गर्दछ भने अन्तिम लेखापरीक्षणले सम्बद्ध संस्थाको अतिरिक्त सरोकारवालाहरु सबैलाई उपयोगी हुने गरी संस्थाको वित्तीय अवस्था र समग्र व्यवस्थापकीय पक्षको चित्रण देखाउँछ।

लेखापरीक्षणका प्रकारहरु

बार्षिक वा बाह्रय लेखापरीक्षण	आन्तरिक लेखापरीक्षण
विशेष लेखापरीक्षण	लागत लेखापरीक्षण
परियोजना लेखापरीक्षण	प्राविधिक लेखापरीक्षण
व्यवस्थापन लेखापरीक्षण	वातावरणीय लेखापरीक्षण
सामाजिक लेखापरीक्षण	सुचना प्रविधि लेखापरीक्षण
लैंगिक उत्तरदायी परीक्षण	

२.२ आन्तरिक लेखा परीक्षण

आन्तरिक लेखापरीक्षण भन्नाले संस्था भित्रका कर्मचारीद्वारा गरिने लेखापरीक्षणलाई जनाउँछ। आलेपले विशेष गरी आर्थिक करोवारमा आन्तरिक प्रक्रियाहरू, मापदण्डहरू, नियमहरू पालना गरिरहेको छ कि छैन भनेर मूल्याङ्कन गर्दछ । साथै आर्थिक कारोबारमा उद्देश्य अनुरुप बिल भरपाई आदि समावेश भए नभएको एकिन गर्दछ । आलेप व्यवस्थापनको पुरक अभ्यास हो। वास्तवमा, आन्तरिक लेखा परीक्षणले संस्थाहरूको खाता, सञ्चालन प्रक्रियाहरू, IT पूर्वाधार, सुरक्षा प्रोटोकलहरू, आन्तरिक उद्देश्यहरू, रणनीतिक अनिवार्यताहरू, बाह्य नियामकका आवश्यकताहरू अनुरूप आर्थिक कारोबार भएको छ कि छैन भनेर निर्धारण गर्ने पहिलो चेकपोइन्ट हो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद १ को दफा २ (घ) मा उल्लेख भए अनुसार आन्तरिक लेखापरीक्षण भन्नाले कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रण कार्यालयबाट कार्यसम्पादनसँग सम्बन्धित कानुन, व्यवस्थापकीय अभ्यास, लेखा तथा अन्य कारोबार र सोसँग सम्बन्धित कागजात एवं

प्रक्रियाको जाँच, परीक्षण, विश्लेषण साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मूल्याङ्कन गरी प्रतिवेदन गर्ने कार्य भनिएको छ।

त्यस्तै, स्थानीय आर्थिक कार्यप्रणालीलाई संस्थागत गरी वित्तीय जवाफदेही प्रवर्धन गर्न, बेरुजु न्यूनीकरण एवं समयमै बेरुजु सम्परीक्षण तथा फछ्र्यौटमा महत्वपूर्ण योगदान पुऱ्याउन र मुलुकको आर्थिक, वित्तीय नीति कार्यान्वयनमा सहयोग पुऱ्याउन पनि लेखापरीक्षण गर्नुपर्छ।
लेखाको जाँच गरी लेखालाई अद्यावधिक बनाई राख्न, अन्तिम लेखापरीक्षणको लागि आधार तयार गर्न, जोखिम व्यवस्थापन, नियन्त्रण प्रणाली र सुशासनको मुल्याङ्कन गरी कार्य सञ्चालन प्रभावकारी बनाउन र संगठनका क्रियाकलापको स्वतन्त्र रूपमा समीक्षा गरी व्यवस्थापन समक्ष सुधारका लागि सुझाव दिन पनि आन्तरिक लेखापरीक्षण गरिन्छ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले सबै स्थानीय तहले आन्तरिक लेखापरिक्षण गराउनुपर्ने प्रावधान अनिवार्य गरेको छ । स्थानीय तहको दरबन्दी संरचनामा आन्तरिक लेखा परीक्षणको लागि दरबन्दी राखिएको छ । त्यसैगरी अन्तिम लेखा परीक्षण पहिले आलेप गराउनु पर्ने अनिवार्यता रहेको छ । आलेप प्रतिवेदन मलेपलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने प्रावधान पनि रहेको छ । यसैगरी स्थानीय तहमा कुनै कारणले आलेप नभएमा सम्बन्धित जिल्लाको कोलेनिकाबाट भएपनि आलेप गराउनु पर्ने कानुनी बाध्यता रहेको छ । स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा सबै स्थानीय तहमा प्रत्येक त्रैमासिकमा आलेप गरी सोको प्रतिवेदन पालिका प्रमुख समक्ष पेश भएको हुनु पर्ने सूचक समेत समावेश गरेको छ ।

२.३ लेखा परीक्षण सम्बन्धमा भएका नीतिगत व्यवस्था

नेपालको संविधान, २०७२ को धारा २९४ मा सरकारी तथा सार्वजनिक निकायहरूको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गरिने व्यवस्था रहेको छ। साथै लेखापरीक्षण ऐन, २०७५ अनुसार संगठित संस्थाको लेखापरिक्षण अन्य कुनै संस्थाबाट गराउनुपर्ने भएमा लेखापरीक्षणको मार्गदर्शन मलेपबाट तोके बमोजिम हुने र सबै सार्वजनिक निकायले अवलम्वन गर्ने फारमहरु मलेपबाट तोकिए बमोजिम हुने प्रावधान रहेको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आफ्नो प्रत्येक आ.व.को आय व्ययको आलेपबाट लेखा परीक्षण गराउनु पर्ने व्यवस्था गरेको छ । आन्तरिक लेखा परीक्षणलाई मार्गदर्शन गर्न र सो कार्यलाई प्रभावकारी बनाउन आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालयले आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९ जारी गरेको छ । यी नीतिगत प्रावधान अनुसार सिमित स्थानीय तहमा मात्र त्रैमासिक रुपमा आन्तरिक लेखापरिक्षण प्रतिवेदनहरू तयार गरी पालिका प्रमुख समक्ष पेश गर्ने गरेको पनि देखिन्छ।

आलेपलाई जिम्मेवार बनाउन २०७४/०२/१७ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुँदा नं ५९ मा स्थानीय तहले आफ्नै आलेपबाट आन्तरिक लेखापरीक्षण गराउनु पर्ने बाध्यकारी आदेश जारी गरेको छ। आलेप अधिकारी नभएको अवस्थामा मात्र जिल्लाको कोलेनिकाबाट आलेप गराउनु पर्ने व्यवस्था गरेको छ। यसको अर्थ आलेपमा स्थानीय तह स्वयंलाई जिम्मेवार बनाउन खोजिएको देखिन्छ । स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली LGPAS को वित्तीय सुशासन अन्तर्गत सूचक नं १.५.८. मा *स्थानीय तहले प्रत्येक त्रैमासिकमा आन्तरिक लेखा परीक्षण गरी सोको प्रतिवेदन सम्वद्ध स्थानीयतह प्रमुख समक्ष पेश गर्नुपर्ने* प्रावधान राखेको छ र सोको बिवरण उक्त प्रणालीमा अनिवार्य रुपमा वेभसाईटमा प्रविष्टि गर्नु पर्ने प्रावधान समेत राखेको छ ।

त्यस्तै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा प्रदेश तथा स्थानीय तहको आन्तरिक लेखापरीक्षण सम्बन्धमा व्यवस्था गरिएको छ। जस अनुसार प्रदेश तथा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु-गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका विषयको आधारमा आवश्यक सुधार गर्नु सम्बन्धित प्रदेश तथा स्थानीय तहको कर्तव्य हुने उल्लेख गरिएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमको सुधार भए-नभएको अनुगमन निरीक्षण गर्न तथा आवश्यक कारबाहीको सिफारिस गर्न लेखा परीक्षण समिति गठन गर्नुपर्ने, आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको

कारवाहीको प्रतिवेदन लेखा समितिले स्थानीय तहको हकमा प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था पनि उल्लेख गरिएको छ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० मा गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्यप्रणाली व्यवस्था गरिएको छ। जसको दफा ७७ मा लेखापरीक्षण सम्बन्धमा व्यवस्था गरेको देखिन्छ। जसको उपदफा १ मा - स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनुपर्ने, उपदफा २ मा स्थानीय तहले कानुन बमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, उपदफा ३ मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै संपरीक्षण गराउनु पर्ने र उपदफा ४ मा आन्तरिक लेखापरीक्षणको एक प्रति अन्तिम लेखापरीक्षणका लागि खटिने डोर वा महालेखापरीक्षकले तोकेको व्यक्ति वा निकायलाई उपलब्ध गराउनु पर्ने प्रावधान समेत रहेको छ।

यिनै कानुनी प्रावधान तथा महत्वलाई मध्यनजर गरी स्थानीय तहमा आन्तरिक लेखापरीक्षणको लागि सामान्य प्रशासन सेवा, लेखा समूहको अधिकृत छैटौं र सहायक पाँचौंको दरवन्दीको श्रृजना गरिएको छ। आलेपले नियमित रुपमा लेखापरीक्षण गरी मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ।

आलेपको महत्व तथा अनिवार्यताको लागि नीति प्रावधान भएता पनि व्यवहारमा आन्तरिक लेखापरीक्षण औपचारिकतामा खुम्चिएको देखिन्छ। आलेपको लागि सामन्यतया संस्था भित्रका कर्मचारीहरू मध्ये जो सुकैलाई तोकिने गरिएकाले अपवाद बाहेक आलेप अधिकारीहरुमा लेखा सम्बन्धी आधारभूत ज्ञान सीप र क्षमताको कमी देखिन्छ । यसको अतिरिक्त तालुक अधिकारीले गरेको आर्थिक कारोवारमा प्रश्न उठाउन सक्ने हिम्मत वा साहस पनि देखिदैंन । साथै उनीहरुमा यो आन्तरिक लेखापरिक्षण काम प्रति खासै लगाव रहेको पनि देखिएन। तथापी आलेपको भावना तथा मर्म अनूरुप यो कार्यलाई प्रभावकारी बनाउन सकिएमा संस्थाको समग्र वित्तीय स्वास्थ्यमा निम्नानुसार सहयोगी हुन्छः

- आर्थिक कारोवारमा लागु भएका बिभिन्न प्रणालीको स्वास्थ्यको बारेमा समयमै जानकारी प्राप्त हुन्छ ।

- संस्थामा कायम रहेको बेरुजुको एकीकृत अवस्था देखाउने अल्या गर्ने तथा कायम रहेको बेरुजु फछ्र्यौटको लागि प्रमाण कागजात जुटाउन लगायत प्रकृया अगाडि बढाउन सहज हुन्छ ।
- आर्थिक कारोवारमा देखिने समस्याहरूको श्रोत कारण पत्ता लगाई सुधार तथा समाधानको योजना बनाउन सहयोग पुग्दछ।
- तथ्यमा आधारित आवश्यक तथ्य जानकारी नियमित रुपमा अद्यावधिक सहित उपलब्ध हुने भएकाले श्रोतको नतिजापरक विनियोजन तथा उद्धेश्य अनुरुप खर्चमा सहयोगी हुन्छ ।
- आर्थिक कारोवारमा हुनसक्ने कमजोरी समयमै पहिचान हुनाले समस्याको निदान हुने वा समस्याको पुनरावृति हुन पाउँदैन ।
- आर्थिक कारोवारको जाँच गर्ने बाह्य व्यक्तिले कुन बिषयमा के हेर्छन भन्ने कुराको पुर्व सचेतता वा जानकारी दिन्छ । साथै मलेप डोरको समय घटाउँछ ।
- निरन्तर सुधारमा सहयोग भई बेरुजुको मात्रा घटने साथै कायम भएका वेरुजू फछ्र्यौटमा सहयोग पुग्दछ ।
- संस्थाको एकीकृत बार्षिक कार्यक्रमबाट लक्ष्य प्राप्त भए नभएको जानकारी पाउन सकिन्छ ।
- नियमित वा दैनिक आर्थिक कारोवार वा व्यवसाय सञ्चालन गर्ने क्रममा नेतृत्व र व्यवस्थापनलाई सहयोग हुने गरी तेश्रो आँखाबाट कमजोरी र अनियमितताहरू फेला पार्न प्रभावकारी माध्यमको औजार बन्दछ ।
- कायम भएको बेरुजु फछ्र्यौटको लागि प्रमाण जुटाउने, असुलीको लागि ताकेता गर्ने साथै नियमित रुपमा कार्यपालिका तथा सभा र लेखा लगायतका अन्य समितिको बैठकहरूमा प्रस्तुत गर्न एजेण्डा तयारी र त्रैमासिक, अर्धवार्षिक, वार्षिक प्रतिवेदन तयार गर्न सकिन्छ ।
- समग्रमा, आलेपको मर्म र भावना अनुरुप कर्मचारी समक्ष लगनशील र जिम्मेवार भएमा संस्थाको प्रतिष्ठामै सुधार आउँछ ।

२.४ अन्तिम लेखा परीक्षण

संवैधानिक व्यवस्था अनुसार महालेखा परीक्षकको कार्यालयबाट सरकारी वा सार्वजनिक निकायको सार्वजनिक स्रोत साधनको आय तथा व्यय परिचालनमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यका आधारमा लेखापरीक्षण गरी वार्षिक

प्रतिवेदन तयार गरी राष्ट्रपति मार्फत संसदमा पेश गर्नु पर्ने दायित्व रहेको छ । लेखापरीक्षकलाई ऐन नियमको पालना तथा नतिजा मात्र नहेरी औचित्यताको आधारमा लेखा परीक्षण गर्ने अधिकार पनि दिएको छ । यो विशेषाधिकार अन्य मुलुकहरुमा सामान्यतः देखिदैंन । लेखापरीक्षणको सन्दर्भमा महालेखापरीक्षक स्वायत्त तथा स्वतन्त्र रहेको छ ।

अपवाद बाहेक मलेपबाट हरेक आर्थिक बर्षको आय तथा व्ययको लेखा परीक्षण गरी प्रारम्भिक प्रतिवेदन उपलब्ध गराउँदै आएको छ। यसमा उठाईएका जिज्ञासा/बेरुजुमा ३५ दिनभित्र आवश्यक प्रमाण कागजात समावेश गर्नुपर्ने तथा असुल गर्नुपर्ने भनिएको रकम दाखिला गराउनु पर्ने दायित्व लेखा उत्तरदायी अधिकारी वा कार्यालय प्रमुखको हुन्छ। यसरी तोकेको समयमा रुजू नभएमा बेरुजु भनि मलेपले औंल्याई दिन्छ । यसको साथसाथै सामयिक विषयर सुझाव समेत खुलाई प्रतिवेदन दिने काम हुँदै आएको छ । यसैगरी सम्वद्ध संस्थाले फछर्यौटको लागि पेश गरेका कागजात प्रमाणको आधारमा बेरुजु फछर्यौट भएको प्रमाणित गर्ने काम पनि मलेपले नै गर्दछ ।

लेखा परीक्षणबाट कायम भएको वेरुजु फछर्यौटको लागि आवश्यक प्रमाण कागजात सम्वद्ध कार्यालयले अनलाईन प्रणालीमा प्रविष्टि गर्ने र मलेपले हेरी वा थप चेकजाँच आवश्यक भएमा सो समेत गरी फछर्यौटको जानकारी दिन्छ । स्थानीय तहको हकमा अनियमित भएको र पेश्की बेरुजु फछर्यौटको लागि प्रमाण कागजात संलग्न गरी विषयगत समितिले निर्णय सहित कार्यपालिकामा पेश गर्दछ । कार्यपालिका सिफारिसलाई सम्बद्ध सभाबाट अनुमोदन गराई National Audit Management System, NAMS अनलाईन मार्फत मलेप समक्ष पेश गरिने व्यवस्था तथा अभ्यास रहेको छ ।असुल उपर गर्नुपर्ने भनि कायम भएको बेरुजुको हकमा रकम असुल गरेर मात्र फछर्यौट हुने कानुनी व्यवस्था रहेको छ। नियमित गर्नुपर्ने बेरुजुको हकमा तीनवटै नपामा पछिल्ला वर्षमा सक्रियता देखिन्छ तर गापाहरुमा अपेक्षित पहल नभएको तथ्याङ्कले देखाउँछ । बिडम्बना असुल गर्नु पर्ने बेरुजु फछर्यौटमा स्थानीय तहको खासै चासो र सक्रियता देखिँदैन ।

२.५ बेरुजु

सामान्य अर्थमा **बेरुजु** भनेको प्रचलित कानुन वा नियम विपरित वा रीत नपुऱ्याई गरिएको आर्थिक कारोबार तथा हिसाब किताब हो। राज्यकोष वा संस्थाको रकम खर्च गर्दा बिल, भरपाई वा आधिकारिक प्रमाण नराखिएको र प्रक्रिया मिचेर गरिएको खर्चलाई बेरुजु भनिन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ अनुसार *बेरुजु भन्नाले प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याएको वा ठहराएको कारोबार बुझिन्छ* । सोही ऐनको दफा २ को ९ (ग) ले *लेखापरीक्षण हुँदा प्रचलित कानुन बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नुपर्ने वा हिनामिना वा मस्यौट गरेको वा नेपाल सरकारलाई तिर्नु, बुझाउनुपर्ने भनी ठहराएको अन्य कुनै रकम*लाई समेत बेरुजु भनेको छ ।

लेखा परीक्षण (Auditing) गर्ने क्रममा नियमानुसार हुनुपर्ने खर्च र वास्तविक खर्चको विवरणमा जुन हिसाब/तथ्य मेल खाँदैन, त्यसलाई बेरुजुको रूपमा औँल्याइन्छ। यस्तो अवस्था हुनुमा अन्य कुराको अतिरिक्त व्यवस्थापकीय कमजोरी वा लापरवाही तथा आर्थिक अनुशासनहिनताको उपज मानिन्छ ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २२ मा आय-व्यय तथा अन्य रकम कलमको लेखापरीक्षण गर्दा देखिएका त्रुटि तथा बेरुजुमा सम्बन्धित निकायले कानुन बमोजिम कारबाही गर्नुपर्नेछ,' उक्त दफामा उल्लेख छ । यस्तै दफा २५ मा लेखापरीक्षण ऐन र उक्त ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गर्ने सम्बन्धित कामको जिम्मेवारी तोकिएको पदाधिकारी वा व्यक्तिलाई महालेखापरीक्षकले विभागीय कारबाही लगायतका प्रचलित कानुन बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने व्यवस्था छ । सोही दफाको उपदफा (२) मा त्यसरी लेखी आएमा सम्बन्धित निकायले पदाधिकारी वा व्यक्तिलाई यथाशीघ्र कारबाही गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी दिनुपर्ने उल्लेख छ। यद्यपि अहिलेसम्म सो ऐनको उक्त प्रावधान कार्यान्वयन भएको खासै देखिँदैन । बेरुजुलाई राजनीतिक नेतृत्वले पनि गम्भीरतापूर्वक लिएको पाइँदैन।

नेपाल सरकार, अर्थ मन्त्रालयले मार्फत <u>बेरुजु फछ्र्यौट कार्यविधि, २०८१</u> पनि जारी गरी कार्यान्वयनमा ल्याएको छ। उक्त कार्यविधिले स्थानीय तहमा थपिँदै गएको बेरुजु फछ्र्यौट र फरफारक प्रक्रियालाई कानुनी दायरामा ल्याउन र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन अनुरूप बेरुजु लगत अद्यावधिक गर्ने र जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउने उद्देश्य राखेको छ ।

नीतिगत रुपमा बेरुजु न्यूनीकरण एवं फछ्र्यौटमा पर्याप्त नीतिगत प्रावधान भएता पनि व्यवहारमा आशातित सुधार कमै देखिन्छ ।

२.६ बेरुजुका प्रकारहरू

समान्यतः बेरुजुलाई मुख्यतया चार भागमा वर्गीकरण गरिएको पाईन्छ। सैद्धान्तिक बेरुजु र लगती बेरुजु, लगती बेरुजुलाई पनि असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की बाँकी बेरुजुमा वर्गीकरण गरिएको छ। नियमित गर्नुपर्ने बेरुजुलाई पनि वर्गीकरण गर्दै अनियमित भएको, प्रमाणका कागजात पेस नभएको र शोधभर्ना नलिएकोलाई राखिएको छ । यस्तै पेस्की बेरुजुलाई कर्मचारी पेश्की र अन्य पेश्की भनि थप बर्गीकरण गरिएको छ । बिस्तृत रुपमाः

- **असुलउपर गर्नुपर्ने बेरुजु**
  नियम विपरित वा बढी भुक्तानी दिइएको रकम, जसलाई सम्बन्धित व्यक्ति वा संस्थाबाट फिर्ता वा असुल उपर गर्नु पर्ने हुन्छ।
- **प्रमाण वा नियमित गर्नुपर्ने बेरुजु**
  खर्च त गरिएको छ तर आवश्यक बिल, रसिद, वा पुष्ट्याईं गर्ने कागजात पेश नगरिएको अवस्थाको रकम।
- **पेश्की बेरुजु**
  कुनै काम प्रयोजनको लागि उपलब्ध गराईएको रकम तोकिएको समयभित्र खर्चको फाँटबारी (प्रमाण) नबुझाइएको वा फछ्र्यौट नगरिएको रकम।
- **सैद्धान्तिक बेरुजु**
  प्रचलित ऐन, नियम वा कार्यविधि विपरित गरिएका तर सोझै असुल गर्न नमिल्ने प्रकारका सैद्धान्तिक रुपमा त्रुटिपूर्ण आय र खर्चहरू।

२.७ बेरुजु फछ्र्यौंटको अभ्यास

बेरुजु वित्तीय सुशासनका दृष्टिले राम्रो होइन । प्रायः स्थानीय तहमा देखिएको बेरुजुको ठूलो रकम तथा बिगतका बर्षमा उठेको रकम समेत जोड्दा हुन आउने कूल बेरुजु रकमले आम नागरिकमा आफ्नो सरकार प्रति अविश्वास पैदा गरेको छ । बेरुजुको प्रकार तथा कारणहरु धेरै भएपनि आम नागरिकको नजरमा बेरुजुलाई अनियमितता वा भ्रष्टाचारको रुपमा बुझ्ने भएकाले यस प्रति स्थानीय सरकारहरु थप संवेदनशील हुनुपर्ने देखिन्छ । स्थानीय तहले बेरुजु हुन नदिन वा न्यून गर्न पर्याप्त सजगता अपनाउने र आन्तरिक निगरानी संयन्त्रलाई सवल बनाउन आवश्यक देखिन्छ ।

बेरुजु फछ्र्यौंट भन्नाले आर्थिक कारोबार गर्दा नियम कानुन विपरीत वा रीत नपुऱ्याई भएको भनी लेखापरीक्षणबाट औंल्याइएको रकम (बेरुजु) मा आवश्यक प्रमाण जुटाएर, अनियमितता सच्याएर वा तोकिएको व्यक्ति वा सस्थाबाट असुल उपर गरेर र पेश्की फछ्र्यौंट गर्न लगाई हिसाब मिलान गर्ने प्रक्रिया बुझाउँछ। प्रमाण नपुगेको वा नभएको अवस्थामा तोकिएको बिल, भरपाई वा कागजात छुटेको भए सो समावेश गरी हिसाब नियमित गर्ने कार्य हो। असुल उपर गर्नु पर्ने बेरुजुमा नियम विपरीत खर्च भएको वा हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट सरकारी कोषमा फिर्ता वा असुल उपर गराउनु पर्दछ । यसको लागि राजनीतिक र प्रशासनिक नेतृत्वमा अडान र चासो चाहिन्छ । सम्परीक्षण (सोधपुछ) गराएरः लेखापरीक्षणले औंल्याएको विषयमा स्पष्टीकरण दिई त्यसलाई सदर गराई बेरुजु फछ्र्यौंट गराईन्छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ ले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी तीन वर्गमा वर्गीकरण गरी बेरुजु फछ्र्यौंटको व्यवस्था छ । बेरुजु फछ्र्यौंट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र सो सम्बन्धमा रेखदेख गरी प्रचलित कानुनबमोजिम फछ्र्यौंट गर्न लगाउने दायित्व लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । महालेखा परीक्षकबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएको बेरुजुको ३५ दिनभित्र सम्बन्धित कार्यालयले बेरुजु फछ्र्यौंट गरी सम्परीक्षणका लागि महालेखा परीक्षकसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । प्रारम्भिक प्रतिवेदनमा उल्लिखित ब्यहोरा बमोजिम फछ्र्यौंटको वा सम्परीक्षण नगराएमा महालेखा परीक्षकले सोको जानकारी लेखा उत्तरदायी अधिकृतलाई गराउने र यसरी जानकारी प्राप्त भएपछि सो बमोजिमको कार्य सम्पादन गर्ने जिम्मेवारी सम्बन्धित

लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । स्थानीय तहको हकमा बजेट पारित भएपछि ७ दिन भित्र प्रमुख/अध्यक्षले खर्च गर्ने अख्तियारी प्र.प्र.अ.लाई दिनुपर्ने हुन्छ । तसर्थ, प्र.प्र.अ. ले नै लेखा उत्तरदायी अधिकृत हो ।

स्थानीय तहको हकमा नियमित गर्नुपर्ने बेरुजुको हकमा गठित लेखा समितिले प्रमाणसहित फछ्र्यौटको लागि कार्यपालिकामा पेश गर्ने र कार्यपालिकाको सिफारिसमा सभाले अनुमोदन गरी NAMS मा प्रविश्ट गरेकोमा अवस्थामा मलेपले रुजू गरी प्रमाण पुगेको अवस्थामा बेरुजु लगत कट्टा गर्न सक्ने प्रावधान रहेको छ । अन्य बेरुजुको हकमा असुल उपर नै गर्नु पर्ने व्यवस्था रहेको छ । परिमाणको हिसावले सबैभन्दा धेरै यस्तो देखिएको र त्यसमा स्थानीय नेतृत्व, लेखा उत्तरदायी अधिकृत, लेखापालन गर्ने कर्मचारी र आलेपको सक्रियता तथा जिम्मेवारीपनले निर्णायक भूमिका खेलेको देखिन्छ ।

महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षणको क्रममा सम्वद्ध संस्थालाई प्रतिकृयाको लागि प्रारम्भिक प्रतिवेदन उपलब्ध गराउने गर्दछ । साथै प्रत्येक आवमा सार्वजनिक गरिने लेखा परीक्षण प्रतिवेदनमा आर्थिक कारोवारमा रहेका कमजोरीहरु सहित सुधारको लागि सुझावको फेहरिस्त पनि बिस्तृत रुपमा समावेश गर्ने गरेको छ। तथापी प्रायःलेखापरीक्षकहरुको पेशागत ईमान्दारिताको कमी देखिन्छ । साथै बेरुजुकै कारण अपवाद बाहेक कोहि पनि कर्मचारी वा जनप्रतिनिधि सजायको भागीदार हुन नपरेकोले सरोकारवाला तथा निर्णयाधिकारीले यसलाई खासै महत्व नदिएको हो कि जस्तो लाग्छ। यदि सञ्चित कोषमा आय बढाउन र व्यय गर्न देखाईने रुचि वा तदारुकता जस्तै बेरुजु प्रति पनि रहने हो भने शायदै बेरुजु चिन्ताजनक देखिदैंनथ्यो होला ।

खण्ड- तीन

स्थानीय तहहरुमा रहेको बरुजूको अवस्था विश्लेषण

वित्तीय सुशासनका दृष्टिले बेरुजु एउटा प्रमुख चुनौती हो । यसले राज्य श्रोतको व्यवस्थापनमा देखिएको कमजोरी उजागर गरेको छ भने समाजमा निराशा र नकरात्मकता बढाएको छ। स्थानीय तहमा वित्तीय अनुशासनहीनता र कमजोर आन्तरिक नियन्त्रण प्रणालीका कारण बेरुजुको परिमाण एवं प्रवृत्ति वर्षेनी चुनौतीपूर्ण बन्दै गएको व्यहोरा महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख रहेको छ । मलेपको कार्यालयद्वारा सार्वजनिक गरिएको पछिल्लो ६३औं वार्षिक प्रतिवेदन अनुसार ७५३ स्थानीयतह मध्ये ७२१ स्थानीय तहले मात्र लेखा परीक्षण गराएका छन। ती स्थानीय तहमा कुल ११ खर्ब ९ अर्ब ५२ करोड रुपैयाँ बराबरको लेखापरीक्षण गर्दा १९ अर्ब ४ करोड ७७ लाख अर्थात् लेखापरीक्षण अंकको २.३१ प्रतिशत बेरुजु देखिन्छ, जुन राष्ट्रिय औषत भन्दा धेरै रहेको छ । यस जिल्लाका ६ स्थानीय तहहरु मध्ये बागमती गाउँपालिका बाहेक अन्य स्थानीय तहको बेरुजु राष्ट्रिय औषत भन्दा कम रहेको छ । साथै बेरुजुको प्रवृत्तिमा पनि सुधारोन्मुख देखिएको छ ।

३.१ ललितपुर जिल्लाका स्थानीय तहमा लेखापरीक्षण रकम र बेरुजुको अवस्था

आ.व. २०८१/८२ (रकम रु हजारमा)

क्र.सं.	स्थानीय तह	ले.प. रकम	बेरुजु	बेरुजु प्रतिशत	कैफियत
१.	ललितपुर म.न.पा.	१०६७३६१६	४६८६२	०.४४	राष्ट्रियतहमा -१.५४
२.	गोदावरी न.पा.	४४९९८८०	१५२५४	०.३५	प्रदेशको औसत-१.३६
३.	महालक्ष्मी न.पा.	३२०१६६२	३३६२१	१.०५	बागमती प्रदेशको ०.८३
४.	कोन्ज्योसोम गा.पा.	९१८४०१	३९०३	०.४२	स्थानीय तह औषत
५.	महाँकाल गा.पा.	१०२०५२२	६५५१	०.६४	२.३१
६.	वागमती गा.पा.	१११७९९९	४२६७३	३.८२	

बेरुजु संरचनाः असुल गर्नुपर्नेः- ३७ प्रतिशत	नियमित गर्नुपर्नेः- ५७ प्रतिशत	पेश्कीः- ६ प्रतिशत

आ.व. २०८०/८१

क्र. सं.	स्थानीय तह	ले.प. रकम	बेरुजु	बेरुजु प्रतिशत	कैफियत
१.	ललितपुर म.न.पा.	१०६८९७००	५५५२१	०.५२	राष्ट्रिय -१.५४, प्रदेश- १.३६, स्थानीय तह - २.२६ प्रतिशत
२.	गोदावरी न.पा.	४४२७९१५	८२१३५	१.८५	
३.	महालक्ष्मी न.पा.	२९१४५५१	४४२४८	१.५९	
४.	कोन्ज्योसोम गा.पा.	९३८५६१	६४३	०.०७	
५.	महाँकाल गा.पा.	७६८७१५	५७४७६	०७५	
६.	वागमती गा.पा.	१०५९५०९	२७२७५	२.५७	

बेरुजु संरचनाः असुल गर्नुपर्नेः- ३३ प्रतिशत	नियमित गर्नुपर्नेः- ६१ प्रतिशत	पेश्कीः- ६ प्रतिशत

आ.व.२०७९/८०

क्र.सं	स्थानीय तह	ले.प. रकम	बेरुजु रकम	बेरुजु प्रतिशत	कैफियत
१.	ललितपुर म.न.पा.	९७७९६५४	४५१०८	०.४६	*राष्ट्रिय -१.५४ प्रदेश-१.३६ स्थानीय तहः- २.२६ प्रतिशत*
२.	गोदावरी न.पा.	३७३३५७९	१५०६१२	४.०३	
३.	महालक्ष्मी न.पा.	२८२३५२९	६३४९६	२.२५	
४.	कोन्ज्योसोम गा.पा.	८५७५९२	०	०	
५.	महाँकाल गा.पा.	८४००५१	१६,५२५	१.९७	
६.	वागमती गा.पा.	११६८१८२	१०७२४	०.९२	
बेरुजु संरचनाः असुल गर्नुपर्नेः- २४ प्रतिशत		नियमित गर्नुपर्नेः- ६८ प्रतिशत		पेश्कीः- ८ प्रतिशत	

आ.व. २०७८/७९

क्र.सं.	स्थानीय तह	ले.प. रकम	बेरुजु	बेरुजु प्रतिशत	कैफियत
१.	ललितपुर म.न.पा.	८७९७८५९	६१८९७२	७.०४	बागमती प्रदेशको बेरुजुः- २.९ प्रतिशत
२.	गोदावरी न.पा.	४०४००९३	११००७२	२.७२	
३.	महालक्ष्मी न.पा.	२५६३०११	४०५८१	१.५८	
४.	कोन्ज्योसोम गा.पा.	७५३७७८	३४५४४	४.५८	
५.	महाँकाल गा.पा.	७७१९७२	५९१७	०.७७	
६.	वागमती गा.पा.	१०८५४४३	७३६५३	६.७९	

आ.व. २०७७/७८

क्र. सं	स्थानीय तह	ले.प. रकम	बेरुजु	बेरुजु प्रतिशत	कैफियत
१.	ललितपुर म.न.पा.	६८,७२,५५४	५,५४,०००	८.०६	
२.	गोदावरी न.पा.	३१,९३,३५३	१,३९,१९८	४.३६	
३.	महालक्ष्मी न.पा.	१९,६८,६६५	५५,६२५	२.८३	
४.	कोन्ज्योसोम गा.पा.	६,५६,४८१	१८,५६५	२.८३	
५.	महाँकाल गा.पा.	७,२०,५०८	३०,९३९	४.३०	
६.	वागमती गा.पा.	८,५०,२५१	५४,४८८	३.४१	
बेरुजु संरचनाःअसुल गर्नुपर्नेः-२९	नियमित गर्नुपर्नेः- ६१ प्रतिशत			पेश्कीः- १० प्रतिशत	

३.२ राष्ट्रिय, प्रदेश तथा स्थानीयतहको बिगत ५ आ.व.को बेरुजुको तुलनात्मक अवस्था

क्र.सं	स्थानीय तह नाम	०७७/७८	०७८/७९	०७९/८०	०८०/८१	०८१/८२	कैफियत
१.	राष्ट्रिय औषत	२.६३	२.३९	१.८९	१.५४	१.८३	
२.	प्रदेश औषत	२.५	२.३०	२.०३	१.३६	१.६३	
३.	स्थानीयतह औषत	४.१८	३.८८	२.७२	३.२६	२.३१	
४.	ललितपुर मनपा	८.०६	७.०४	०.४६	०.५२	०.४४	
५.	गोदावरी नपा	४.३६	२.७२	४.०३	१.८५	०.३५	
६.	महालक्ष्मी नपा	२.८३	१.५८	२.२५	१.५९	१.०५	
७.	कोन्ज्योसोम गापा	२.८३	४.५८	०	०.०७	०.४२	
८.	महाँकाल गापा	४.३	०.७७	१.९७	०.७५	०.६४	
९.	वागमती गापा	६.४१	६.७९	०.९२	२.५७	३.८२	

३.३ स्थानीय तहगत बेरुजु तथा फछ्र्यौटको विवरण (२०७५/०७६-२०८१/०८२)

३.३.१ ललितपुर महानगरपालिका

बेरुजु विवरण

रु हजारमा

बेरुजु						गत आ.व. सम्मको वेरुजु	फछ्र्यौट भएको रकम	हाल सम्मको कुल बक्यौता बेरुजु	कैफियत
आ.व.	असुल उपर गर्नुपर्ने	नियमित गर्नु पर्ने		पेश्की	जम्मा बेरुजु				
		अनियमित भएको	प्रमाण पेश नभएको						
२०७५/७६	१७३८१५	१६१३८०	१०४७७६	४४२५६९	८८२५४०	६५३६४८	०	१५३६१८८	
२०७६/७७	२३५४९८	९०८७२	१७२११८	१७४४७४	६७२९६२	१५३६१८८	५१५३०६	१६९३८४४	
२०७७/७८	१२२७७६	५०९५१	१०३०९६	२७७१७६	५५३९९९	१६९३८४४	३५०७८२	१८९७०६१	
२०७८/७९	७१७४८	२६३२५	९६८८८	४२४००९	६१८९७०	१८९७०६२	१५७५१६	२३५८५१६	
२०७९/८०	१३९९२	१३११३	८१४८	९८५३	४५१०६	२३५८५१८	७३८४३२	१६६५१९२	
२०८०/८१	१०६७७	२६९४६	१२५००	५८९८	५५५२१	१६६५१९३	३२४५२५	१३९६१८९	
२०८१/८२	५३४	१९५५४	१७७३५	९०३८	४६८६१	१३९६१८९	१५९८२२	**१२८३२२८**	
जम्मा	**६२९०४०**	**३८९१४१**	**५१५२६१**	**१३४३०१७**	**२८७५९५९**		**२२४६३८३**		

३.३.२ गोदावरी नगरपालिका

बेरुजु विवरण

रु हजारमा

बेरुजु						गत आ.व. सम्मको वेरुजु	फछ्र्यौट भएको रकम	हालसम्मको कुल बक्यौता बेरुजु	कैफियत
आ.व.	असुल उपर गर्नुपर्ने	नियमित गर्नु पर्ने			जम्मा बेरुजु				
		अनियमित भएको	प्रमाण पेश नभएको	पेश्की					
२०७५/७६	११११७४	५४७३	६५८१	२७०९२	५०३२०	६०९६१	३६९	११०९६१	
२०७६/७७	०	१४६८०	१८५७९४	२१७३१	२२२२०५	११०९६१	०	३३३१६६	
२०७७/७८	३०८८८	१०४५८	४९२३३	४८६२०	१३९१९९	३३३१६६	१७७८९५	२९४४७०	
२०७८/७९	४६१५	४१३५०	३६२०४	२७९०३	११००७२	२९४४७०	२७३५५	३७७१८७	
२०७९/८०	८०९६४	१६९३८	४०६५९	१२०५१	१५०६१२	३७७१८७	१५३३७	५१२४६२	
२०८०/८१	६१०३५	१३८४६	३२८८	३९६५	८२१३५	५१२४६२	१८९५४०	४१६९६५	
२०८१/८२	१६५	५५२४	६८३१	९३३	१५२५४	४१६९६५	१५७४०३	**२७४८१६**	
जम्मा	**१८८८४२**	**१०८२६९**	**३२८५९०**	**१४२२९५**	**७६९७९७**		**५६७८९९**		

३.३.३ महालक्ष्मी नगरपालिका

बेरुजु विवरण | रु हजारमा

बेरुजु						गत आ.व. सम्मको वेरुजु	यो वर्ष फछ्र्यौट भएको रकम	हालसम्मको कुल बक्यौता बेरुजु	कैफियत
आ.व.	असुल उपर गर्नुपर्ने	नियमित गर्नु पर्ने			जम्मा बेरुजु				
		अनियमित भएको	प्रमाण पेश नभएको	पेश्की					
२०७५/७६	९९२	१८१७४	३६६८	२५३७	२५३७१	११९०५२	५५८३२	८८५९१	
२०७६/७७	६९४४	२८५२४	४४७०	०	३९९३८	८८५९१	११९६०	६१११३२	११६५६९
२०७७/७८	२६८९	२७१६९	२३२१७	२५५०	५५६२५	६१११३२	२६०५१	९०७०६	५५४३७ घटी
२०७८/७९	३०७८	४७११	९८६५	२२९२७	४०५८१	९०७०६	२०८०२	१११४०४	
२०७९/८०	१०९५५	२९०९७	४०५५	१९३८९	६३४९६	१११४०४	०	१७४९००	
२०८०/८१	३२३७	२९८०	१४१५९	२३८७२	४४२४८	१७४९००	९२१	२१८२२७	
२०८१/८२	३९६	९३०६	८५७८	१५३४१	३३६२१	२१८२२७	१२९३०५	**१५८८३६**	२१४२७३**
जम्मा	**२८२९१**	**११९९६१**	**६८०१२**	**८६६१६**	**३०२८८०**		**२४४८७१**		

नोटः** आ.व. २०७६/७७ को मलेप प्रतिवेदनमा हालसम्मको बक्यैता रकम गणनामा सामान्य त्रुटी भएकाले रु. ५५४३७ हजार कमी देखिएको र सो त्रुटी आ.व. २०८१/८२ सम्म पनि नसच्याईएको ले हालसम्मको कुल बक्यौता बेरुजु १५८८३६ हजार देखिएको छ । वास्तविक बेरुजु रु.२१४२७३ हजार भएको ।

३.३.४ महाङ्काल गाउँपालिका

बेरुजु विवरण रु. हजारमा

आ.व.	बेरुजु					गत आ.व. सम्मको वेरुजु	यो वर्ष भएको फछ्यौंट	हाल सम्मको कुल बक्यौता बेरुजु	कैफियत
	असुल उपर गर्नुपर्ने	नियमित गर्नु पर्ने			जम्मा बेरुजु				
		अनियमित भएको	प्रमाण पेश नभएको	पेश्की					
२०७५/७६	३५९३	२८७	३४१७	३७४२	११०३९	३२०५५	०	४३०९४	
२०७६/७७	६७०	२६५२	१५२६७	०	१८५८९	४३०९४	५५१	६११३२	
२०७७/७८	३५०२	३२६	२७१४१		३०९६९	६११३२	१४००	९०७०१	
२०७८/७९	१३७	४०३९	१७४१	०	५९१७	९०७०१	०	९६६१८	
२०७९/८०	१७७१	६८५८	७५९६	३००	१६५२५	९६६१८	८९५	११२२४८	
२०८०/८१	३७२	४८१९	४८६	०	५७४५	११२२४८	७९०	११७२०३	
२०८१/८२	२७	१५८८	३९६३	१०००	६५५१	११७२०३	०	१२३७५४	
जम्मा	१००७२	२०५६९	५९६११	५०४२	९५३३५		३६३६		

३.३.५ बागमती गाउँपालिका

बेरुजु विवरण

रु हजारमा

आ व	बेरुजु					गत वर्षसम्मको वेरुजु	यो वर्ष भएको फछ्यौंट	हालसम्मको कुल बक्यौता बेरुजु	कैफियत
	असुल उपर गर्नुपर्ने	नियमित गर्नु पर्ने		पेश्की	जम्मा बेरुजु				
		अनियमित भएको	प्रमाण पेश नभएको						
२०७५/७६	३४१४८	१६६२६	२९६०	१४५२६	६८२६०	१५६८९	०	८३९४९	
२०७६/७७	१५२३२	१२५५२	५८३०	२४७४३	५८३५७	८३९४९	०	१४२३०६	
२०७७/७८	६०७७	२३७२	४३१२१	२९१८	५४४८८	१४२३०६	२१७	१९६५७७	
२०७८/७९	११४९	१५४०	७०५६४	४००	७३६५३	१९६५७७	०	२७०२३०	
२०७९/८०	३४४३	१६०६	५०२५	६५०	१०७२४	२७०२३०	६३२७९	२१७६७५	
२०८०/८१	६०१	१८४३९	७८३५	४००	२७२७५	२१७६७४	५५१	२४४३९८	
२०८१/८२	३२९६	२७२९९	१२०७६	०	४२६७१	२४४३९८	७२५०	**२८७०६२**	२७९८१९ हुनुपर्ने
जम्मा	**६३९४६**	**८०४३४**	**१४७४११**	**४३६३७**	**३३५४२८**		**७१२९७**		

३.३.६ कोन्ज्योसोम गाउँपालिका

बेरुजु विवरण 　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　रु हजारमा

आ व	बेरुजु					गत वर्षसम्मको बेरुजु	यो वर्ष भएको फछ्यौंट	हालसम्मको कुल बक्यैता बेरुजु	कैफियत
	असुल उपर गर्नुपर्ने	नियमित गर्नु पर्ने			जम्मा बेरुजु				
		अनियमित भएको	प्रमाण पेश नभएको	पेश्की					
२०७५/७६	१४९३	५०३५	३९२४	१००	१०५५२	३८१५९	०	४८७११	
२०७६/७७	२४८६	९३७५	३४१९	३२३	१५६०३	४८७११	२००	६४११४	
२०७७/७८	८५२	१४७३	८२५२	७९८८	१८५६५	६४११४	२८४९	७९८३०	
२०७८/७९	५८६	१५९९	३२३५८	०	३४५४३	७९८३०	०	११४३७३	
२०७९/८०	०	०	०	०	०	११४३७३	२६६९४	८७६७९	
२०८०/८१	०	६४३	०	०	६४३	८७६७९	०	८८३२२	
२०८१/८२	०	३७०३	२००	०	३९०३	८८३२२	६४३	९१५८२	
जम्मा	**५४१७**	**२१८२८**	**४८१५३**	**८४११**	**८३८०९**		**३०३८६**		

३.३.१ ललितपुर महानगरपालिका

ललितपुर महानगरपालिकाको वित्तीय कारोबारको आकार अन्य पाँचवटा स्थानीय तहको तुलनामा कैयौं गुणा अधिक रहेको छ साथै सो मनपाको बेरुजुको अवस्था पनि करिव उस्तै रहेको देखिन्छ । आर्थिक कारोबारको अङ्क वा रकम धेरै भएकाले बेरुजुको अङ्क पनि धेरै भएको पनि हुन सक्छ तथापी त्यो तर्क उचित होईन नै। आ.व. २०७५/७६ देखि २०७९/८० सम्म अर्थात् पहिलो कार्यकालमा बेरुजुको अङ्क तथा प्रतिशत अस्वभाविक रुपमा उकालो लागेको छ भने पछिल्ला आ.व.मा उक्त प्रवृति क्रमशः घट्दै गएको देखिन्छ अर्थात् उच्च दरमै सुधारोन्मुख देखिन्छ । प्रत्येक आ.ब.मा कायम रहने गरेको बेरुजु र नियमित गरेको बेरुजुको अङ्क उल्लेख्य रहेता पनि अझैपनि १ अर्व २८ करोडको बेरुजु रहनु सुखद पक्कै होइन । त्यसमा पनि ६२ करोड ९० लाख रकम त असुल उपर गर्नुपर्ने रकम मात्र हुनुले पनि आवरण र बास्तविकताको फासला चिन्ताजनक रहेको भन्दा अन्यथा नहोला।

ललितपुर महानगरपालिका संस्थागत रुपमा सुदृढ तथा राम्रो छवि भएको स्थानीय तहको रुपमा चित्रित छ । आर्थिक प्रशासन लगायत आ.ले.प. शाखाहरूमा अनुभवी जनशक्तिको उपलब्धतामा पनि पर्याप्तता देखिन्छ ।अन्य दुई नगरपालिकाका आ.प्र.मा रहेको जति कर्मचारी त यस मनपामा आलेपमा मात्र रहेका छन। पर्याप्त संख्यामा र अनुभवी जनशक्ति भएको साथै भौगोलिक रूपमा पनि सहज भएको, संस्थागत रुपमा सुदृढ मानिएको यस स्थानीय तहमा यति ठूलो रकम बेरुजु देखिनुले गम्भीर प्रश्न उठाउँछ नै । आन्तरिक लेखापरीक्षण शाखामा आठौं तह तथा छैटौं तहका अधिकृत जनशक्ति हुँदा पनि समयमै आन्तरिक लेखापरीक्षण गरी कमजोरीमा सुधार गर्नुपर्ने र असुल उपर एवं नियमित गर्ने कार्यमा तदारुकता देखाउनु पर्नेमा त्यसो हुन सकेको देखिँदैन । आर्थिक प्रशासन शाखा एवं आन्तरिक लेखापरीक्षण शाखामा यस सम्बन्धमा जिज्ञासा राख्दा वा प्रश्न गर्दा बेरुजु प्रति खासै संवेदनशीलता, जिम्मेवारी बोध भएको देखिएन । विगत सात वर्षको अवधिमा मात्र ९० करोड भन्दा बढी रकम त असुल उपर हुनुपर्नेमा कति रकम असुल भयो कति बाँकी छ भन्ने अभिलेख पनि देखिँदैन । असुल उपर भएको वा गरिएको रकमको अभिलेख देखिदैंन भने आलेपले सबै बित्तीय कारोवारको लेखापरिक्षण गरेको देखिदैन। त्यो भन्दा महत्वपूर्ण बिषय अर्वौ रकम आन्तरिक आय भएको नपामा आन्तरिक आयको आलेप गरिएको देखिदैंन । आलेप

अधिकारीले आयको लेखा परीक्षण गर्न नपाईएको बताउँछन तर सो विषयमा जिज्ञासा राख्दा कारण नसोध्न अनुरोध गरेको अवस्था पाईयो ।

नगर सभाको लेखा समितिले विभिन्न समयमा बैठक बसी नियमित गर्नुपर्ने बेरुजु फछ्यौंटको लागि कार्यपालिकामा सिफारिस गर्ने गरेको लेखा समितिको पदाधिकारी बताउँछन् तर उनीहरूलाई यस विषयमा सामान्य प्रशिक्षण समेत नभएको अवस्था छ । आन्तरिक लेखा परीक्षण शाखाबाट भएको सिफारिस बमोजिम निर्णय माईनुटमा ह्स्ताक्षर गर्नु बाहेक लेखा समितिले खोज तलास गर्ने, प्रश्न गर्ने, झकझकाउने जस्ता पहल गर्न नसकेको लेखा परीक्षण समितिका सदस्य स्वयं बताउँछन्। स्वयं आन्तरिक लेखा परीक्षण शाखामा काम गर्ने कर्मचारीहरुले प्रशिक्षण नपाएको र Randomly ठूलो रकमका कारोबार मात्र हेर्ने गरेको बताउँछन् । अर्थात् आलेप १ लाख भन्दा ठूला रकम खर्चमा मात्र सिमित रहेको आलेप अधिकारीको भनाई रहेको छ। कर्मचारीहरुको भनाइ एवं आशय अनुसार जनप्रतिनिधि एवं उपभोक्ता समितिहरूसँग जोडिएको बेरुजुको विषयमा प्रश्न उठाउन समेत हिच्किचाहट भएको देखिन्छ।

पछिल्लो वर्षहरूमा असुल गर्नुपर्ने र पेश्की बेरुजुमा धेरै सुधार भएको देखिन्छ जुन सकारात्मक वा स्वागतयोग्य कदम हो । तथापि, यी बेरुजु फछ्यौंटको अभिलेख सहज रुपमा देखिने तथा एकिन हुने विवरण उपलब्ध नभएको र सो को लागि पर्याप्त जनशक्ति कार्यालयमा रहदा पनि स्पष्ट जिम्मेवारी सहित फोकल कर्मचारी तोकेर कायम भएको बेरुजु फछ्यौंट गराउन आवश्यक देखिन्छ। महानगरको कार्यपालिका वा सभामा पेश गरिने वा छलफल गरिने र निर्णय हुने विषयवस्तु स्वभावैले धेरै हुन्छन् । तर आर्थिक बिषयका नीतिगत निर्णयहरुमा लेखा शाखाको लिखित सहभागिता र निर्णयको अभिलेख कम्तिमा लेखा शाखामा राखिने तथा जिम्मेवार जवाफदेही बनाउने अभ्यास थालनी भएमा बेरुजु न्युनिकरणको साथ साथै असुलीमा पनि योगदान हुने अपेक्षा गर्न सकिन्छ। साथै लेखा परीक्षणको पनि औचित्यता पनि सावित हुने थियो ।

३.३.२ गोदावरी नगरपालिका

गोदावरी नगरपालिकाको आ.व. २०८१/८२ सम्म करिव रु.२७ करोड ४८ लाख १६ हजार बेरुजु बक्यौता रहेको छ। सम्वद्ध अधिकारीहरुको भनाई अनुसार उक्त बेरुजु मध्ये करिव रु १८ करोड ढुङ्गा, गिट्टी, खानी, क्रसरको राजस्वसँग सम्बद्ध रहेको छ। खासगरी ठेक्का बन्दोवस्त भईसकेपछि आ.व.को बीचमा खानी तथा क्रसरको

बिषयमा अदालतमा मुद्दा परेकोले सम्बद्ध व्यवसायीले सम्झौता शर्त बमोजिम काम गर्न नपाएकोले बाँकी किस्ता बापतको राजस्व रकम रकम नपामा दाखिला नभएको वा असुल नभएको कारणले आ.व. २०८०/८१ मा बेरुजु रकम धेरै रहेको सो आवमा बेरुजुको प्रतिशत समेत ४.०७ प्रतिशत रहेको। यो नगरपालिकाले पछिल्ला आ.व.हरुमा उल्लेख्य परिमाणमा बेरुजु फछ्र्यौट गरेको र विगत २ वर्षमा क्रमशः १९ करोड र १४ करोड फछ्र्यौट गरी बेरुजुको मात्रा घटाएको देखिन्छ। त्यसैगरी पेश्की बेरुजुको मात्रा पनि क्रमशः घट्दै गई करोडबाट १० लाख भन्दा तल झरेको देखिन्छ । आर्थिक प्रशासन शाखा प्रमुख एवं आन्तरिक लेखापरीक्षकको सहकार्य एवं सक्रियतामा बेरुजु फछ्र्यौटमा उल्लेख्य काम भएको भनी नगरपालिका नेतृत्वबाट पनि प्रशंसा गरिएको पाईयो ।

यस नपाको आर्थिक प्रशासन शाखा बेरुजु घटाउन संवेदनशील भएर लागेको देखिन्छ। तथापी असुल गर्नुपर्ने बेरुजुको परिणाम आ.व. २०८०/८१ मा अस्वाभाविक देखिन्छ जुन असुल हुन नसकेको राजस्वसँग जोडिएको देखिन्छ । यस विषयमा अदालतमा मुद्दासमेत नटुङ्गिएकाले असुल उपर गर्नुपर्ने बेरुजु धेरै भएको त्यस्तो भएको भनाई छ भने असुल गर्नु पर्ने बेरुजुमा उच्चदरले कमी आ.व. २०८१/८२ मा जम्मा १ लाख ६५ हजार मात्र छ । यो अङ्क त्यति ठूलो होइन तथापी बिगतका वर्षहरूमा के कति रकम असुल उपर गरियो त्यसको हिसाब देखिने वर्गीकृत विवरण खुलेको अभिलेख नगरपालिकामा देखिँदैन । बेरुजु सम्बन्धी अलग रजिस्टर राखेको पनि पाइँदैन, बेरुजु सम्बन्धी अलग अभिलेख देखिँदैन । करिव १८ करोड बरावर असुल उपर हुनुपर्ने बेरुजु रकम हुनु र सो रकम प्रति प्रशासन मात्र नभई राजनीतिक नेतृत्वले पनि महत्व दिएको देखिएन। लेखापरीक्षण समिति, सुशासन समितिको सदस्यहरु प्रशासनले उठाएको माईनुटमा हस्ताक्षर गर्नु भन्दा अन्य जिम्मेवारी बोध गरेको देखिएन। समितिले छलफल गर्ने, प्रतिवेदन पेश गर्नुपर्ने भन्ने त अवगत रहेको पनि पाईएन ।

यसै गरी बेरुजु लगायत आर्थीक प्रशासनको बिषयमा हुने नीतिगत बिषय वा निर्णयमा लेखा शाखाबाट प्रस्ताव तयार हुने र सो उपर हुने गरिने निर्णयको प्रति आप्र शाखामा नहुने रोग यस नगरपालिकामा पनि देखिन्छ। यी विविध अवस्थाका बावजुद यो नगरपालिकामा पछिल्लो २ वर्षमा बेरुजु फछ्र्यौटमा उल्लेख्य सुधार भएको छ भने प्रशासनिक नेतृत्व तथा आर्थिक प्रशासन शाखा प्रमुखमा बेरुजु फछ्र्यौट सम्बन्धमा व्यक्त प्रतिबद्धता(Commitment) र लगाव(Dedication) सह्रानीय देखिन्छ ।

३.३.३ महालक्ष्मी नगरपालिका

यस नगरपालिकाको आ.व. २०८१/०८२ सम्मको बाँकी कूल बेरुजु रकम करिव रु. १६ करोड अभिलेखमा रहेता पनि २०७६/०७७ को लेखा परीक्षण प्रतिवेदनमा भएको गणितीय त्रुटीको कारण ५५४ लाख रकम कम देखिइएको हो । बास्तवमा यो नपाको बेरुजु रकम रु.२१ करोड भन्दा माथि रहेको छ भने बेरुजुको प्रतिशतमा व्यापक उतार चढाव देखिन्छ । मलेपले हिसाव जोडने क्रममा करिव ५५४ लाख छुटेको देखिन्छ। आ.प्र. शाखाका अनुसार असुल गर्नुपर्ने बेरुजु मध्ये कर्मचारीहरूको नाममा कायम भएको वेरुजु असुलीमा आक्रमक ढंगले लागिपरेको थालिएको तर जनप्रतिनिधि र उपभोक्ता समितिको नाममा रहेको बेरुजु असुलीमा राजनीतिक तहबाट आशातित सहयोग नभएको, सघन अपनत्व नभएको आशय कर्मचारीहरुले व्यक्त गरेको पाईयो। यस स्थानीय तहमा कर्मचारीको दरबन्दी समेत एकिन नभएको र साविकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन स्वीकृत हुने गरेकोमा पछिल्लो समय खासगरी गत आर्थिक वर्षदेखि उक्त प्रतिवेदन समेत स्वीकृत नगरिदिँदा लेखा शाखाले तलव तथा ग्रेड रकम गणनामा समेत अत्याधिक दवाबको सामना गर्नुपरेको गुनासो पाईयो ।

प्रायःजसो विकास निर्माणको काम उपभोक्ता समिति मार्फत गराईने र समितिलाई पेश्की दिनुपर्ने तर पेश्की बापत धरौटी वा सुरक्षणको अभ्यास नभएको र केही उपभोक्ता समितिहरुमा हुने वा देखिने नैराश्यताले गर्दा समयमा पेश्की फछ्र्यौट पनि नहुँदा एकातिर बेरुजु बढने र अर्कोतिर कायम भएको बेरुजु असुलीमा समस्या हुने गरेको लेखा तथा आलेपको प्रतिकृया रहेको । आर्थिक प्रशासन शाखामा उपलब्ध जनशक्तिको तुलनामा कामको चापको बढी भएकाले अपेक्षाकृत रुपमा बेरुजु फछ्र्यौटमा समय दिन नपाएकोले फछ्र्यौटले गति लिन नसकेको भन्ने भनाई रहेको । बेरुजु प्रति राजनीतिक नेतृत्व साथै बिषयगत समितिहरु करिब पूर्णतः उदासिन रहेको देखिन्छ । नगरसभाको लेखा समितिको बैठक बसेको अभिलेख समेत नदेखिएको, बेरुजुको सम्बन्धमा नीतिगत निर्णय प्रस्ताव आर्थिक प्रशासन शाखाबाट हुने गरेको नपाइएको, साथै बेरुजु एकीकृत एवं वर्गीकृत विवरण समेत उपलब्ध हुन नसकेको अवस्था ।

कुल बेरुजुको तुलनामा फछ्र्यौट भएको परिणाम न्यून रहेको तर चालु आर्थिक वर्षमा यस तर्फ केहि सक्रियता बढेको देखिन्छ। कारोवार पूर्व आन्तरिक लेखापरीक्षण गराउन

जनशक्तिको न्यूनताले संभव नभएको (एक जना मात्र कर्मचारी आलेपमा रहेको) । यस नपामा आलेप र आप्रबीच परिपुरक सम्बन्ध देखिन्छ। लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनमा सरोकारवालाबाट समयमै प्रतिक्रिया प्रमाण प्राप्त नहुनाले बेरुजु न्युनिकरणमा समस्या भएको प्रतिकृया आप्र शाखाको रहेको । राजनीतिक नेतृत्वले यो समस्यालाई बोध गरी अग्रसरता नदेखाए सम्म ठोस नतिजा प्राप्त नहुने भन्ने मान्यता कर्मचारीमा रहेको । राजनैतिक नेतृत्वसँग छलफल गर्दा, प्रतिकृया माग गर्दा यो बिषयमा अनभिज्ञता प्रकट गरिएको र कर्मचारीको सकृयता बढाईने धारणा पाईयो । आप्र शाखा र आलेपबीच राम्रो सम्बन्ध मात्र होईन अपितु बेरुजुप्रति संवेदनशील रहेको पनि देखिन्छ भने जिससको यो पहलले बेरुजु फछ्र्यौटमा एक प्रकारको दवाब महशुस भएको तथा उर्जा थपेको प्रतिकृया पाईयो। । यस नपामा पछिल्लो वर्षहरुमा आलेपबाट त्रैमासिक रुपमा लेखा परीक्षण भएको र त्यसको प्रतिवेदन पनि नियमित रुपमा पेश गरेको देखिन्छ ।

३.३.४ महाङ्काल गाउँपालिका

पछिल्लो सात आर्थिक वर्षको अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजुको परिमाण जोड्दा यो गाउँपालिकामा हालसम्म रु.१२३७५४ हजार बेरुजु बक्यौता रहेको छ । थोरै बजेट भएको यस पालिकामा यति धेरै बेरुजु हुनु आँफैमा गम्भीर प्रश्न चिन्ह हो । यसको अतिरिक्त १ करोड भन्दा बढी रकम असुल गर्नु पर्ने बेरुजु देखिनु र फछ्र्यौटमा देखिएको विलम्वताले लेखापरीक्षणको औचित्यततालाई नै फिक्का बनाएको छ । पेश्की बेरुजुको अङ्क न्युन भएता पनि असुल गर्नुपर्ने बेरुजु अंङ्कमा अस्वभाविक उतार चढाव देखिन्छ । बेरुजुको अङ्क, त्यसको स्वरूप र फछ्र्यौटको अवस्था चिन्ताजनक नै देखिन्छ । फछ्र्यौट तर्फ न्यून प्रगति हुनु, प्रत्येक आर्थिक वर्षमा के कति बेरुजु फछ्र्यौट भयो ? सोको खण्डिकृत अभिलेख नराखिनु, बेरुजु फछ्यौटको लागि आन्तरिक लेखापरीक्षण र लेखा शाखाको सक्रियता देखिने अभिलेख नहुनु जस्ता बमजोरी वित्तीय सुशासानको सन्दर्भबाट चुनौतीपूर्ण अवस्था हो । यस विषयमा जनप्रतिनिधिहरुसँग छलफल गर्दा बेरुजुको बारेमा सचेतना, प्रशिक्षण कहिले नभएको वा नहुनु, यस बिषयमा कतै प्रश्न नउठाईनु र महालेखापरीक्षकले स्वेच्छाचारी ढंगले बेरुजु लेख्ने गरेकोले पनि बेरुजु बढी भएको भन्ने प्रतिकृया पाइयो । साथै बेरुजु फछ्र्यौटमा जनप्रतिनिधिको दायित्व कसरी हुन्छ भन्ने प्रतिप्रश्न समेत पाईयो तर

बेरुजुलाई कर्मचारीको मात्र जिम्मेवारीको रुपमा लिईएको देखिन्छ जुन अपेक्षित होईन।

आर्थिक प्रशासन शाखाको अनुसार चालु आ.व. २०८२/८३ मा रु १,९३,००,०००।- बराबरको बेरुजु फछ्र्यौटका लागि सभाबाट निर्णय गराई NAMS मा प्रविष्टि (Upload) गरी म.ले.प.को कार्यालयमा अनुरोध गरिएको, तर त्यसको नतिजा आई नसकेको भनाई रहेको । आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन शाखाबीचमा कार्यगत समन्वय राम्रो रहेको देखिएको भएतापनि बेरुजु फछ्र्यौटमा यस पुर्व कुनै सक्रियता पहल भएको देखिदैंन। एकातिर आर्थिक प्रशासनमा न्यून जनशक्ति रहेको छ भने अर्को तर्फ बेरुजु विषयमा न कसैले सोध्ने न बेरुजु कम गरेमा पनि पुरस्कार वा पहिचानकै प्रावधान केहि नभएकाले पनि कसैको ध्यान नपुगेको भनाई रहेको। साथै विगत देखि थपिँदै आएको यति ठूलो रकम फछ्र्यौटको लागि न डरत्रास न पुरस्कार भएकाले यो कार्यले प्राथमिकता नपाएको धारणा पाईयो । स्थानीय तहको राजनीतिक नेतृत्व र विषयगत समितिका सदस्यहरुले कर्मचारीहरु यसको लागि जिम्मेवार भएको र आउँदो आर्थिक वर्षमा बेरुजुलाई न्यून गरिने तथा कायम भएको बेरुजु घटाउन लाग्ने प्रतिकृया रहेको थियो भने समयमै असुलीको लागि पहल नभएर यो रकम बढेको भन्ने प्रतिकृया रहेको । आउँदो आर्थिक वर्षमा लेखापरीक्षणमा विशेष पहल गर्ने प्रतिबद्धता देखाइएको । जिल्ला समन्वय समिति, ललितपुरले विगतका आर्थिक वर्षहरुमा यसरी अध्ययन गरी स्थानीय तहलाई सुझाव वा पृष्ठपोषण गराएको भए सायदै यो परिमाणको बेरुजु हुने थिएन र वित्तीय सुशासनमा योगदान हुने प्रतिक्रिया प्राप्त भएको छ।

३.३.५ बागमती गाउँपालिका

लेखापरीक्षण भएको रकमको प्रतिशतको आधारमा यस जिल्लाका स्थानीय तहहरु मध्ये बागमती गाउँपालिकाको बेरुजुको अवस्था चिन्ताजनक देखिन्छ । यस पालिकाको बेरुजु प्रतिशत जिल्लाका अन्य स्थानीय तहको तुलनामा उच्च त छँदैछ साथै राष्ट्रिय तथा देशका अन्य स्थानीय तहको औषत भन्दा धेरै उच्च देखिन्छ। यसको अतिरिक्त हालसम्म यस पालिकाले बेरुजु फछ्र्यौट तर्फ कुनै चासो देखाएको पनि देखिँदैन । आर्थिक प्रशासन शाखा र आन्तरिक लेखापरीक्षण शाखासँग छलफल गर्दा बेरुजु फछ्र्यौटमा कुनै चासो नदेखाउने, एकले अर्कालाई देखाउने तथा जिम्मेवारीबाट पन्छिने

गरेको देखिन्छ भने स्थानीय तहको नेतृत्वमा त्यसतर्फ चासो, स्वामित्व बोध एवं संवेदनशीलता देखिदैन। यस स्थानीय तहको गाउँसभामा लेखा समिति तथा गाउँ कार्यपालिकामा सुशासन तथा संस्थागत विकास समिति समेत गठन भएता पनि समितिको बैठक भएको समेत अभिलेख देखिदैंन वा पाईँदैन । अनौठो त के छ भने आर्थिक प्रशासन सम्वद्ध विषयमा यो गाउँपालिकाले धेरै कार्यविधी बनाएको भने देखिन्छ। तर आर्थिक अनुशासनको दृष्टिले सुधारको लागि अतिरिक्त धक्का नै आवश्यक देखिन्छ ।

आन्तरिक लेखापरीक्षणको लागि जनशक्तिको प्रवन्ध भएपनि जिम्मेवार कर्मचारी लेखापरीक्षण गर्ने प्रतिवेदन तयारी गर्ने तथा नियमानुसार गापा अध्यक्ष समक्ष पेश गर्नुपर्ने जस्ता अग्रसरता कत्ति पनि देखिएन। आ.व. समाप्त भएपछि अन्तिम लेखा परीक्षण हुनु पहिले औपचारिकताको लागि मात्र नाम मात्रको आन्तरिक लेखा परीक्षणको अभ्यास देखिन्छ। यसै गरी आर्थिक प्रशासन शाखाबाट कर्मचारी जनप्रतिनिधी वा अन्यको नाममा असुल उपर गर्ने भनि कायम भएको बेरुजु असुली सम्बन्धमा कुनै पहल भएको पनि देखिएन । यस्तो लापर्वाह वा उदासिनताको बारेमा थप जिज्ञासा राख्दा भर्खरै अवकाश प्राप्त लेखा शाखा प्रमुखले चासो नदेखाएकोले फछ्र्यौटमा कुनै पहल नभएको शाखाको कर्मचारीहरु बताउँछन् । जनप्रतिनिधीहरुको प्रतिकृया लिंदा गापा अध्यक्षलाई जिम्मेवार हुनु पर्ने आशय देखाईएको पाईयो। कारण र कारक जे सुकै होस बेरुजुको अवस्थाले गापामा बेथितिको पराकाष्टा देखाउँछ।

बेरुजु नियमित गर्ने तथा असुल उपर गर्नुपर्ने बेरुजुको सम्बन्धमा असुलीमा तदारुकता देखिएको पाइँदैन । साथै बेरुजुको लगत वा अभिलेख अद्यावधिक गर्ने, अल्या गर्ने जस्ता सामान्य काम पनि भएको पाइँदैन/देखिँदैन । अत्यन्त छिटो छिटो प्रशासकीय अधिकृतको फेरबदल, राजनीतिक नेतृत्वको उदासीनता, साथै आर्थिक प्रशासन शाखा र आन्तरिक लेखापरीक्षकले यस महत्व नै नदिएकाले बेरुजुको अङ्क उल्लेख्य रहेको, बेरुजु फछ्र्यौट र सम्परीक्षणको कार्य अन्त्यन्त कमजोर रहेको तथ्य र अभिलेखले नै देखाउँछ । देशकै बेरुजुको औषत अवस्था र जिल्लाका अन्य स्थानीयतहको तुलनामा यो पालिकाको बेरुजु रकम धेरै उच्च रहेको बिषयमा जनप्रतिनिधीहरुसँग जिज्ञासा राख्दा गापा नेतृत्वले हरेक काम आफ्नै चाहना अनुरुप गर्ने भएकाले यो अवस्था भएको बताउनु पक्कै पनि सुखद बिषय होईन। छिमेकी लगायत अन्य स्थानीय तहमा बेरुजुको

दरमा धेरै कमी हुँदा पनि यो स्थानीय तहको बेरुजुमा कमी नआउनु चिन्ताको बिषय हो नै।

३.३.६ कोन्ज्योसोम गाउँपालिका

यो गाउँपालिकामा पहिलो कार्यकालको ४ वर्ष असुल उपर, नियमित र पेश्की बेरुजु अङ्क अन्य स्थानीय तहको तुलनामा अत्यन्त न्यून रहेको छ भने दोस्रो कार्यकालको पहिलो तीन वर्षको आ.व.मा बेरुजुको परिमाण नगण्य रहेको छ । बेरुजुको आधारमा यो स्थानीय तहमा वित्तीय अनुशासन उदाहरणीय देखिन्छ । बेरुजु अति न्यून रहेको देशभरका अतिकम स्थानीय तहको सूचीमा रहेको छ यो पालिका। यो सकरात्मक वा उदाहरणीय सफलताको बावजुद बक्यौता कूल बेरुजु रु.९१५८२ हजार र असुल गर्नु पर्ने रकम रु. ५४ लाख यस पालिकाको लागि यो परिमाण पनि सानो रकम होईन। स्थानीय तहको नेतृत्वले आगामी आ.व.मा बक्यौता रकम घटाउन विशेष पहल गर्ने प्रतिबद्धता देखाउनु भएको पनि पाईयो ।

यस पालिकामा पनि बेरुजुको लगत वर्गीकृत रुपमा नराखेको, अद्यावधिक नगरेको, स्थानीय तहका राजनीतिक एंव प्रशासनिक नेतृत्व संवेदनशील नरहेको पाईन्छ । गाउँसभाको लेखापरीक्षण समिति तथा गाउँ कार्यपालिकाको सुशासन तथा संस्थागत विकास समितिको गठन तथा बैठक बस्ने, छलफल गर्ने अभ्यास अभिलेखबाट नदेखिएको हुँदा त्यसमा सुधारको आवश्यकता देखिन्छ। परिमाणको दृष्टिमा असुल उपर गर्ने रकम कम रहेको तर त्यो रकम असुलीतर्फ नतिजापरक पहल आवश्यक देखिन्छ ।

अपितु जिल्लाको अन्य स्थानीयतहको तुलनामा आर्थिक प्रशासन लगायत अभिलेख व्यवस्थापन तथा प्रतिवेदन प्रणाली यो पालिकामा राम्रो भएकाले पनि वेरुजु कम भएको होला ।

खण्ड चारः
बिश्लेषण सुझाव तथा निष्कर्श

४.१ बिश्लेषणका आधारहरु

यस जिल्लाका सवै स्थानीय तहहरुमा आर्थिक वर्षगत बेरुजु, सोको प्रवृति तथा बेरुजु फछ्र्यौटको अवस्था र पछिल्लो लेखा परीक्षणबाट कायम रहेको बेरुजु साथै बक्यौता बेरुजु रकमलाई अध्ययन प्रतिवेदनको मूल अवयवको रुपमा लिईएको छ। यसैगरी बेरुजु कम गर्न तथा कायम रहेको बेरुजु स्थानीय तहले अवलम्वन गरेको नीतिगत, संस्थागत प्रबन्धको साथ साथै सो प्रति प्रशासनिक नेतृत्व, आर्थिक प्रशासन र आलेपको सक्रियता केलाउने प्रयास पनि भएको छ। यसको अतिरिक्त बेरुजु प्रति निर्वाचित जिम्मेवार पदाधिकारीको प्रतिकृया तथा फछ्र्यौटमा देखाएको तदारुकतालाई हेरिएको छ भने बेरुजु न्यूनिकरण तथा असुली नतिजापरक बनाउन चालिएका कदमहरु पनि खोतल्ने प्रयास गरिएको छ। यसै गरी बेरुजु सम्बन्धी एकीकृत तथा वर्गीकृत अभिलेख साथै अद्यावधिकीकरण गरे नगरेको जस्ता निम्न विषयहरु प्रतिवेदनमा यथासक्य विश्लेषण गरिएको छ । बुँदागत रुपमाः

१ स्थानीय तह गठन भएपछि महालेखा परीक्षकको कार्यालयबाट गरिएको लेखापरीक्षणबाट कायम भएको बेरुजु रकम।

२ प्रारम्भिक प्रतिवेदन पेश भएपछि लेखा उत्तरदायी अधिकारीले बेरुजु फछ्र्यौटमा देखाएको तदारुकता।

३ आन्तरिक लेखापरीक्षणको लागि कर्मचारी भए/नभएको, नियमित रुपमा आलेप भए नभएको त्यसको प्रतिवेदनको पालना अवस्था पहिचान गर्ने ।

४ बेरुजु फछ्र्यौटको अवस्थामा मुख्यतः असुल गर्नुपर्ने, नियमित/प्रमाण पेश गर्नुपर्ने र पेश्की बेरुजु खुलेको विवरण देखाउने ।

५ स्थानीय तहमा रहेको बेरुजुको अभिलेख, अल्या गरे/नगरेको, अद्यावधिक भए/नभएको, साथ साथै एकीकृत र वर्गीकृत अभिलेख राखे/नराखेको पहिचान गरिएको ।

६ कानुन बमोजिम स्थानीय तहमा लेखापरीक्षण समिति गठन भए/नभएको, समितिको संरचना/समितिको बैठकको नियमितता साथ साथै निर्णय माइन्युट भए/नभएको ।

७ लेखापरीक्षण समितिको निर्णय, सिफारिस र सुझाव तथा त्यसलाई कार्यपालिका र सभामा पेश गरिएको अवस्था एकिन गर्ने ।

८ बेरुजु फछ्र्यौटको लागि विषयगत समिति, कार्यपालिका र सभामा पेश भएका विषय र निर्णय कार्यान्वयनमा आर्थिक प्रशासन र आन्तरिक लेखापरीक्षण शाखाको अभिलेख खोजिएको ।

९ बेरुजु फछ्र्यौटको सम्बन्धमा सम्बद्ध समिति तथा कार्यपालिकाले चालेका वा लिएका/उठाएका कदमको अभिलेख । यसैगरी स्थानीय तहमा बेरुजुसँग प्रत्यक्ष जोडिएको निम्न आयाम पनि अध्ययनको क्रममा समेटिएको थियो ।

- अबण्डामा रकम राखिएको वा नराखिएको ।
- आन्तरिक नियन्त्रण कार्यविधि भए/नभएको ।
- तलबी प्रतिबेदन पास भए/नभएको ।
- लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन पश्चात् फछ्र्यौट गरिएको बेरुजु ।
- आ.ले.प. र म.ले.प. प्रतिवेदन पश्चात् उक्त बिषयमा राजनीतिक तहमा छलफलको अवस्था ।

४.२ स्थानीय तहमा बेरुजुका उच्च रहनुका कारणहरु

ललितपुर जिल्लाका छ वटै स्थानीय तहको बेरुजुको विवरण र तुलनात्मक अवस्थाको चित्रण अलग-अलग रुपमा माथि नै उल्लेख गरिएको छ । लेखापरीक्षण, बेरुजु, बेरुजु फछ्र्यौट एवं सम्परीक्षणको अङ्क तथा प्रतिशतको स्थानीय तहगत अवस्था र त्यसका कारणहरुलाई केलाउँदा धेरै कुराहरु प्रायः सबै स्थानीय तहमा समानता देखिन्छ। तथापी बेरुजुको सन्दर्भलाई केन्द्रमा राखी यसका प्रमुख कारणहरु तपसिल बमोजिम उल्लेख गरिएको छः

क. वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा कमजोरी

नीतिगत रुपमा वार्षिक कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा बस्ती टोलस्तर वडा हुँदै कार्यपालिकामा छलफल गरी नगर/गाउँसभामा पेश गरिनुपर्ने कानुनी प्रावधान अपवाद

बाहेक लागू भएको वा पालना गरेको देखिदैंन। योजना तर्जुमा छलफल वडा तह र कार्यपालिकामा मात्र सीमित रहेको छ । विगत दशकौं देखि खल्तीका योजना समावेश गर्ने अभ्यास स्थानीय तहमा पनि संस्थागत भएको देखिन्छ । पुर्व तयारी नभएका वा नगरिएका कार्यक्रम आस्था, दबाब र प्रभावमा वा भागबण्डामा बजेट तथा कार्यक्रम तयार गर्ने वा गरिने अभ्यासले लाभग्राहीको अपनत्व नहुने साथै कार्यान्वयनमा हुने बिवादले अन्ततः बेरुजुलाई बढवा दिएको छ ।

ख. कार्यक्रम छनौटमा सम्बद्ध महाशाखा/शाखाको सहभागीता नहुनु

कार्यक्रम कार्यान्वयनमा संलग्न रहने जिम्मेवार शाखा तथा कर्मचारीहरु कार्यक्रम छनौट प्रक्रियामा संलग्न नहुने क्रमले योजना छनौट गर्ने, कार्यान्वयन गराउने र लाभान्वित तथा लक्षित समूहबीच साझा बुझाई तथा समझदारी कायम गर्न नै लामो समय लाग्ने गरेको छ । यसले धेरै योजना या त आवको अन्तिम समयमा हतारमा गरिने हुँदा काम अलपत्र हुनुका साथै आवश्यक कागजात समेत नपुग्ने रोगले बेरुजु बढाएको वा सहयोग गरेको देखिन्छ ।

ग. आयोजना बैंकको अवधारणा नारामै सीमित

सबै स्थानीय तहले आवधिक योजना बनाईएको भएता पनि त्यो दस्तावेजको Follow up भएको देखिदैंन । कानुनतः स्थानीय तहले पनि मध्यकालीन खर्च संरचना बनाउनु पर्ने र आयोजना बैंकमा समावेश योजना मात्र कार्यान्वयन गर्नु पर्ने भएता पनि उक्त व्यवस्था कागजमै सिमित छ। उक्त बिषय LGPAS मा स्थानीय तहले पेश गरेको अभिलेखले पनि थप स्पष्ट गर्दछ । दशकौं देखि लागू गर्ने भनिएको आयोजना बैंकको अवधारणा संघीय तह देखिनै व्यवहारमा रुपान्तरण हुन नसकेको रोग स्थानीय तहमा पनि रहेको छ। त्यसमाथि विगतमा थालनी भएका कार्यक्रमहरु अलपत्र छोड्ने, श्रोत तथा क्षमता भन्दा धेरै नयाँ कार्यक्रम समावेश गर्ने, औचित्य भन्दा दबाब, प्रभावको आधारमा टुक्रे कार्यक्रम समाबेश गर्ने अभ्यास स्थानीय तहमा पनि संस्थागत भएको देखिन्छ । यस्तो लगानीको प्रतिफल न्यून हुनुको अतिरिक्त यसमा बिभिन्न स्वार्थको

कारण अनियमितता पनि बढाएको देखिन्छ । यस्ता कमजोरीले बेरुजुलाई मलजल गरेको देखिन्छ ।

घ. कार्यान्वयन कार्ययोजनाको अभ्यास नभएको

सबै स्थानीय तहले स्वीकृत वार्षिक कार्यक्रमको कार्ययोजना तयार गरी स्वीकृत गराउनु पर्ने कानुनी व्यवस्था छ । आषाढमा बजेट सार्वजनिक गरेपनि कार्यक्रम र बजेटको एकिन धेरै ढिलो गरी तयार हुँदै आएको देखिन्छ व्यवहारमा। समयमै कार्यक्रमले अन्तिम रुप नपाउने, कार्यान्वयन स्थलको विवाद हुने, खरिद प्रक्रियामा उपभोक्ता समितिबाट वा ठेक्कापट्टा(प्रतिष्पर्धा) र गैरसरकारी संस्था, नागरिक समाजसँग साझेदारी जस्ता कार्यान्वयन ढाँचामा स्पष्टता नहुँदा लामो अन्यौलता रहने गरेको छ। राजनीतिक नेतृत्वको आशय, इशारा, संकेत पर्खनुपर्ने परिस्थिति पनि सामान्य जस्तै देखिन्छ । फलस्वरुप अन्तिम समयमा हतार हतारमा कार्यक्रम कार्यान्वयन गराउँदा पर्याप्त तयारी हुन नसक्ने, रित पुऱ्याउन नसकिने र अत्यावश्यक कागजात संलग्न गराउन कठिन हुने भएकोले पनि बेरुजु बढाएको देखिन्छ ।

ङ. खरिद प्रक्रियामा हुने विवाद

साना वा मझौलाखालका कार्यक्रमको खरिद ढाँचा वा मोडालिटीमा स्थानीय तहमा द्वन्द देखिन्छ। उपभोक्ता समिति मार्फत काम गराउन जनप्रतिनिधीहरु उद्यत रहने र कर्मचारीहरुले ठेक्कापट्टाबाट काम गराउन खोज्ने अभ्यास सामान्य बनेको छ । स्थानीय तहमा उपभोक्ता समितिबाट काम गराउँदा कागजात उपभोक्ता समितिले नपुऱ्याउने र कागजात पुरा नभई भुक्तानीको लागि दबाब आउने, समयमै पेश्की फछ्र्यौट नहुने लगायत कारणबाट बेरुजु बढ्ने गरेको ।

च. आर्थिक वर्षको अन्तिम चौमासिक/महिनामा काम गर्ने गराउने प्रवृति

नेपालमा आयोजना/कार्यक्रम आ.व.को अन्तिम चौमासिक/महिनामा गर्ने गराउने यही अवधिमा वर्षाद्को कारण क्षति पुग्ने अवस्था, धेरै आयोजना/कार्यक्रमहरु एकै पटक कार्यान्वयन हुँदा पर्याप्त प्राविधिक निरीक्षण, निगरानीमा अपेक्षित रुपमा पुग्न नसक्नाले

गुणस्तरमा हुने कमजोरी र अन्तिम समयमा भुक्तानीमा हुने दबाब, कार्यबोझको कारण कागजात छुट हुने रोगले पनि बेरुजु बढेको देखिन्छ ।

छ. पर्याप्त तयारी बिनाका खरिद कार्य

स्थानीय तहबाट प्रस्तावित एवं सञ्चालित आयोजना/कार्यक्रमको संख्या र कार्यान्वयन गर्ने गराउने जनशक्तिबीच सामञ्जस्यता नभएको अवस्था पनि देखियो। उदाहरणको लागि पुर्वाधारजन्य आयोजनाको लगत इस्टिमेट तयार गरे पनि आयोजनाको Drawing, Design गरे/गराएको सामान्यतः देखिँदैन् । कार्यादेशमा Drawing, Design समावेश नहुँदा उपभोक्ता समितिमा अन्यौलता भई धेरै कामहरु बिग्रिएपछि थाहा हुने गरेकोले फरफारकमा हुने बिवाद र यसले पार्ने असरले बेरुजु बढाएको देखिन्छ ।

ज. अनुगमन मूल्याङ्कन औपचारिकतामा सीमित

स्थानीय तहमा उप-प्रमुख/उपाध्यक्षको नेतृत्वमा अनुगमन समिति रहेको छ । सामान्यतः उक्त समितिले तोकिएको कार्य सम्पन्न भएको व्यहोरा सिफारिस गरेपछि भुक्तानी गर्ने अभ्यास रहेको देखिन्छ । तर भौगोलिक रुपमा कठिनाई भएका क्षेत्रमा समितिको अनुगमन सबै ठाउँमा प्रत्यक्ष सम्भव हुँदैन । अनुगमन भएता पनि कागजमा सीमित हुन्छ । यसैगरी अनुगमनमा कार्यान्वयन पहिले र पछिको अवस्था देखाउने सामाग्रीहरु पनि राख्ने अभ्यास कमजोर रहने र गर्नुपर्ने कामको देखिने गरी डिजाईन नहुँदा अनुगमन औपचारिकतामा सिमित भए । अनुगमन प्रतिवेदन लेखापरीक्षकहरुलाई समेतलाई Convince गर्न पनि समस्या हुने गरेकोले बेरुजु बढने अर्को कारण देखिन्छ। यसै गरी अनुगमन कुन कुन पक्षमा भयो के के देखियो नखुलाइने भएकोले पनि प्रतिवेदनको औचित्यता देखिदैंन् ।

झ. जनशक्तिको क्षमता विकास गर्न नसकिएको

स्थानीय तहमा नयाँ सिफारिस भई आउने जनशक्ति अनुभव विहीन छ वा कार्य जिम्मेवारी लक्षित तालिम/प्रशिक्षण बिना सिधै पदस्थापना गरिएको देखिन्छ । पालिकाले पनि नयाँ नियुक्त भई आउने कर्मचारीहरुलाई सिधै काममा खटाउने अभ्यास छ । स्थानीयतहले क्षमता विकासमा लगानी गरेको देखिदैन। अधिकांश

कर्मचारीहरुले आफुले गरेका कामको अभिलेख बनाउन, प्रतिवेदन तयार गर्न सम्बद्ध निकायमा प्रेषण समेत सक्षम भएको देखिदैंनन् । तालिम प्रदायक निकायबाट हुने सिमित प्रशिक्षणहरु पनि कामको आधारमा अर्थात् मागको आधारमा भएको देखिदैंन । एउटै तालिममा धेरै बिधाका कर्मचारी सहभागी गराईनुले देखाउँछ कि भएका सिमित तालिमहरु पनि औपचारिकतामा सिमित छन। LGPAS का लागि विभिन्न विषयगत शाखा/फाँटहरुबाट तयार गरेका कागजातको अध्ययनको क्रममा समावेश(upload) भएका कागजातहरुले यस्तो कमजोरी देखाउँछ । कमजोरीको नमुना आफूले गरेको कामको पनि व्यवस्थित दस्तावेज बनाउन नसकेका र बनाएका दस्तावेजलाई वैधता दिन नसक्नुले पनि अनियमित बेरुजु बढेको वा बढाएको देखिन्छ ।

ञ. आर्थिक प्रशासनमा उदासिनता

विभिन्न स्थानीय तहका आर्थिक प्रशासन शाखाका कर्मचारीहरुसँग छलफल गर्दा बेरुजुलाई समस्याको रुपमा लिएको देखिएन् । रित नपुगेको, प्रमाण नभएको अवस्थामा पनि भुक्तानी नहुने वा नगर्ने अडान लिन सक्दैनन। दबाबलाई थेग्न नसक्ने वा तर्क गर्न नसक्ने साथै अप्रिय बन्न नचाहने प्रवृतिले पनि त्यत्तिकै जिम्मेवार छ। यी कारणहरु पनि अस्वभाविक बेरुजु बढेको, बेरुजु फछ्र्यौटमा खासै चासो नदेखाएको अध्ययनको क्रममा देखियो। त्यसमाथि अनुभव नभएका, कार्यालय संचालनको आधारभूत प्रशिक्षण नभएका प्रशासनिक नेतृत्वले पनि आर्थिक कारोबारलाई अपेक्षित रुपमा महत्व र ध्यान दिएको देखिँदैन । यस्तो अभ्यास वा प्रवृतिले पनि बेरुजु बढाएको मात्र होइन बक्यौता फछ्र्यौटले पनि प्राथमिकता पाउन सकेन् ।

ट. प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया दिने कागजात जुटाउने अभ्यास कमजोर रहेको र असुल गर्नुपर्ने बेरुजु उपेक्षामा परेको

लेखापरीक्षण पश्चात् प्रारम्भिक प्रतिवेदन पेश गरेपछि थप प्रमाण जुटाउन वा असुल गर्नुपर्ने रकम दाखिला गराउन चासो वा सक्रियता देखिदैंन । असुल गर्नुपर्ने बेरुजुको हकमा नाम नामेसी सहित समयमै पत्राचार/सम्पर्क गर्ने, त्यसको असर दर्शाउने गरी

Focal Person तोक्ने जस्ता काम भएको देखिँदैन । पछिल्ला समय महालक्ष्मी तथा गोदावरी नपामा कर्मचारीलाई केहि कडाई थालिएको भएता पनि जनप्रतिनिधि तथा अन्यको नाममा कायम भएको बेरुजु असुल तर्फ ठोस पहल भएको देखिएन। जनप्रतिनिधी तथा उपभोक्ता समिति जोडिएको बेरुजु असुलीमा राजनीतिक नेतृत्वले स्वामित्व नलिँदा वा समन्वय/सहयोग नहुँदा समग्र असुली नै छायाँमा परेको छ। सुस्त गतिमा केहि प्रयास भएकोमा पनि अनियमित बेरुजुमा सिमित रहेको पाईन्छ।

ठ. आन्तरिक लेखापरीक्षक औपचारिकतामा सिमीत

आन्तरिक लेखापरीक्षण भनेको व्यवस्थापनको सहयोगी हो त्यसैले सम्भव भएसम्म Pre-Audit गर्ने व्यवस्था गरी जिम्मेवार बनाईनु आवश्यक हुन्छ। त्यसैगरी आलेपलाई स्वतन्त्र तथा निष्पक्ष रुपमा Critical हुन सक्ने वातावरण बनाईनु पर्दछ । समयमै आन्तरिक लेखापरीक्षण गरी औंल्याईएका कैफियतहरुलाई आर्थिक प्रशासन शाखा एवं लेखा उत्तरदायी अधिकृतले समयमै सम्बोधन गर्नुपर्दछ । यस जिल्लाका छ स्थानीय तहहरु मध्ये दुईवटा स्थानीय तहमा आन्तरिक लेखा परीक्षकहरु लगनशील देखियो भने अन्यमा औपचारिकतामा सीमित रहेको पाइयो ।

ड. बिषयगत समितिहरु कार्यपालिका नगर/गाउँसभाको भूमिका निष्प्रभावी रहेको

स्थानीय तहको सभा र कार्यपालिकाले सुशासनको लागि र तत् तत् तहको कार्यसम्पादनलाई प्रभावकारिताको लागि विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था रहेको छ । स्थानीय तहले वित्तीय अनुशासनको लागि आर्थिक कारोबारको रेखदेख, अनुगमन, परीक्षण सुझावको लागि जनप्रतिनिधीहरु मध्येबाट लेखा समिति गठन गरेका छन् तर समितिहरुको सक्रियता बुख्याँच्या जस्तै देखिन्छ । औपचारिकताको लागि वा रित पुऱ्याउन एकदुईवटा माइन्युटमा उपस्थिति गराउनु मै सीमित हुन पुगेको छ । समितिमा तत् तत् विषयको जानकारी सम्बद्ध विषयमा सदस्यहरुलाई प्रशिक्षण दिने, काम दिने, नियमित रुपमा प्रतिवेदन माग गर्ने जस्ता कार्य पनि भएको देखिदैंन् । आर्थिक प्रशासन/व्यवस्थापन आफैंमा जटिल कार्य हो । लेखापरीक्षकले किन, कसरी कस्तो जवाफ, प्रमाण माग गरेको छ सो कुराको आधारभूत जानकारी वा

तौरतरिका समितिका सदस्यहरुमा हुनु आवश्यक हुन्छ तर त्यस तर्फ नतिजापरक पहल नभएको वा हुन नसकेको भन्न सकिन्छ ।

बेरुजुको बिषयमा कार्यपालिका वा सभामा बहस गरेको अभिलेख देखिदैंन। निर्णयको एउटा बुँदामा मात्र लेखिने गरेको देखियो भने लेखा समितिका सदस्यले माईन्युटको उपस्थितिमा हस्ताक्षर गरेको मात्र बताउँछन्। समग्रमा विषयगत समितिको महत्व, भूमिका, जिम्मेवारी र जवाफदेहिताको बोध नै हुन सकेन वा गराईएन् ।

ढ. लेखापरीक्षकको भूमिका सकरात्मक नहुनु

महालेखापरीक्षकको कार्यालयबाट खटिने लेखापरीक्षण टोलीको रवैया प्रति सांसदहरु देखि अन्य सरोकारवालाहरुले खुलेरै आलोचना गर्ने क्रम देखिन्छ । लेखापरीक्षकहरु स्वेच्छाचारी हुने, उनीहरुलाई प्रसन्न तुल्याउनु पर्ने, व्यक्ति पिच्छेका आ-आफ्नै मापदण्ड हुने जस्ता प्रतिक्रिया जनप्रतिनिधीमा देखिन्छ । लेखापरीक्षकहरु स्वतन्त्र हुन्छन्- मागेको विवरण, फाइल, जवाफ प्रमाण पेश गर्नुपर्ने दायित्व सम्बद्ध कार्यालय र कर्मचारीहरुको हुन्छ र कर्मचारीहरुले यथाशक्य Convince गर्ने प्रयत्न गर्दछन् तथापि परीक्षक पिच्छेका अलग अलग मापदण्ड, परिक्षण गर्न थालेपछि निरन्तरता नदिने, Selective(छनौटपूर्ण) ढङ्गले फाईलहरु हेर्ने, खरिद वा निर्णय प्रक्रियामा संलग्नहरुको धारणा नलिने प्रवृतिले पनि बेरुजु उठाउने गरेको भनाई व्यापक रहेको छ । राजनैतिक नेतृत्वले लेखापरीक्षण प्रति चासो बढाएमा परिस्थितिमा केही फरक पर्ने गरेको समेत सम्बद्ध कर्मचारी तथा केही स्थानीय तहका नेतृत्वको धारणा देखियो ।

ण. बेरुजु फछ्र्यौट तथा अभिलेख व्यवसथापनमा उदासिनता

कर्मचारी जनप्रतिनिधि वा अन्य सरोकारवालाहरुबाट असूल गर्नुपर्ने भनी कायम बेरुजुको हकमा तत्काल पत्राचार गर्ने, निर्देशन गर्ने, नभएका सेवा सुविधाबाट कटौती गर्नेतर्फ सरोकारवालाहरु उदासीन देखिन्छन् । बेरुजु असुलीका लागि तत्काल पहल नहुँदा असूल हुने परिमाण कम हुन्छ, विस्तारै समस्या जटिल हुँदै जान्छ, ताकेताका लागि सम्पर्क गर्न अतिरिक्त समय लाग्छ । समयमै सूचना नपाउँदा वा Follow up नहुँदा तिर्नुपर्नेहरु पनि विस्तारै दायित्वबाट विमुख हुन्छन् । छ वटै स्थानीय तहमा

बेरुजु लगत, अभिलेख माग गर्दा उपलब्ध हुन सकेन । कुन आ.व.को बेरुजु कति फछ्र्यौट भयो, कति बाँकी छ, असूल गर्नुपर्ने बेरुजु मध्ये को कसले तिर्न बाँकी छ ? कसले बुझाए ? त्यसको अभिलेख अद्यावधिक एवं अल्या गरेको पनि देखिदैंन । यो विषयमा सोधखोज गर्दा एकले अर्कोलाई देखाउने प्रवृति देखिन्छ । फलस्वरुप बेरुजु रकम बढ्नेमात्र होइन । बेरुजु हुनु वा बढ्नु, नघटनु वा घट्नु प्रति खासै मतलव वा चासो देखिदैंन।

त. आर्थिक विषय सम्बद्ध नीति निर्णय प्रतिबद्धताको अभिलेख नदेखिने

छ वटै स्थानीय तहमा आर्थिक विषय सम्बद्ध मुद्दाहरु विषयगत समिति, कार्यपालिका, सभामा पेश हुने Agenda, सो उपर भएका निर्णयहरुको अभिलेख अलग देखिँदैन् । आर्थिक दायित्व पर्ने, खर्च गर्ने, खर्च कटौती गर्ने, असूल उपर गर्ने जस्ता विषयलाई आर्थिक प्रशासनबाट प्रस्ताव तयार गराउने र यस विषयमा भएका निर्णयहरुको प्रति कम्तीमा आर्थिक प्रशासन शाखामा संग्रहित हुने वा गरिने अभ्यास भएमा आर्थिक प्रशासन शाखाले कार्यान्वयनमा अग्रसरता देखाउन सक्थ्यो र जिम्मेवारी बोध पनि हुन्थ्यो होला । तर व्यवहारमा आर्थिक विषयमा हुने निर्णयहरुको बारेमा लेखा/आ.प्र आलेप शाखा अनविज्ञ रहेको बताउँछन । यस्तो परिवेशमा बेरुजु घटने वा असुल गर्नुपर्ने वेरुजू असूल हुने साथै अन्य बेरुजु फछ्र्यौट हुने संभावना अपेक्षित रुपमा घट्ने देखिदैंन ।

थ. उपभोक्ता समितिलाई तालिम वा मार्गनिर्देशको अभाव साथै कमजोर नियमन

स्थानीय तहमा धेरैजसो काम उपभोक्ता समितिबाट गराइन्छ वा गरेको देखिन्छ । प्रायः निर्वाचित पदाधिकारीहरुको चाहना वा प्राथमिकता उ.स.बाट काम गराउने देखिन्छ। अपवाद बाहेक उसहरु आफै काम गर्दैनन् लाभग्राहीहरुको प्रत्यक्ष चासो सरोकार पनि देखिदैंन। उ.स. मार्फत व्यवसायीले काम गर्न पाउदा प्रतिस्पर्धा नगरी सोझै पुरै लगत इस्टिमेट रकममा काम गर्न पाउँदा व्यवसायी पनि रमाउँछन । तर यसमा हुने विवाद/द्धन्द्धले समयमै काम नहुने, कागजात नपुग्ने, उजुरी गुनासाले

काममा अवरोध हुने हुनाले यथा समयमा कार्य सम्पन्न भई विल भर्पाइ पेश नहुने वा अन्तिम दिन वा समयमा पेश हुने रोग सामान्य जस्तै रहेको छ। यसले आ.व. को अन्तिम समयमा एकै पटक चाप बढाउँछ ।

सर्वैभन्दा महत्वपूर्ण विषय हो उ.स.लाई गर्नुपर्ने काम पालना गर्नुपर्ने कार्यविधि समयसीमा, संलग्न हुनुपर्ने कागजात निर्णयहरु र सम्पन्न भएको कार्यक्रमको रेखदेख मर्मत संभारको लागि उ.स.ले लिनुपर्ने जिम्मेवारी जस्ता विषयमा सामान्य प्रशिक्षण हुने गरेको देखिदैंन । उ.स. सम्बन्धी निर्देशिका २०७४को पालना गरिएन । ६ वटै स्थानीय तहमा अध्ययन गर्दा उक्त कार्यको लागि स्थानीय तहमा वजेट कार्यक्रम, समय तालिका, जिम्मेवार शाखा वा अधिकृत तोकेको/भएको पनि देखिदैन । यसैगरी उ.स.को योगदान वापतको रकम जम्मा नगरी गा.पा./न.पा.को खातामा पेश्की उपलब्ध गराउने अभ्यासले नियमित गर्नुपर्ने एवं पेश्की वेरुजूको परिणाम बढेको देखिन्छ ।

द. सहयोगी एवं समन्वयकारी निकाय वा संयन्त्रको निष्क्रियता

स्थानीय तहमा कामको कार्यवोझ अति धेरै भएको, नयाँ गठित स्थानीय तहमा जनशक्ति सिमित रहेको साथै अपवाद वाहेक अनुभव नभएका कोरा जनशक्तिबाट काम गराउनु परेको र प्रशासकीय अधिकृतहरुको निरन्तरता अपेक्षित नभएको देखिन्छ । निर्वाचित प्रतिनिधिहरुमा सरकारी रकम वितरण गर्ने हुटहुटी छ । साथै ऐन, नियम, कार्यविधि, मापदण्ड हेर्ने, पढ्ने, छलफल गर्ने अभ्यास वा इच्छा सायदै पाइन्छ। जिल्लामा स्थानीय तहलाई सहयोग, सहजीकरण समन्वयको लागि जिसस व्यवस्था गरिएको भएता पनि यो संस्था आफैं कुपोषणको अवस्थामा छ । आफ्नो जिम्मेवारी अरुले देखाइदिनुपर्ने अवस्था छ । स्थानीय तहले जस्तै विकास बाँड्ने आर्थिक सहायता चन्दा, पुरस्कार दिन नपाएको हिनतोधले ग्रसित देखिन्छ । त्यस्तै जिससद्वारा स्थानीय तहको कमजोरी औंल्याइदिने, सुधारको लागि सुझाव दिने, साझा सरोकारका विषयमा संवादको लागि फोरम बनाउने, तथ्याङ्कमा आधारित प्रतिवेदन बनाई पृष्ठपोषण दिने जस्ता काम हुन सकेनन् । यस्तै गरेर जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा

नियन्त्रक कार्यालयले Proactive भएर स्थानीय तहलाई सहयोग गर्न गरेको पनि देखिँदैन् ।

प्रदेश सरकारले पनि स्थानीय तहलाई क्षमता विकासमा सहयोग र खवरदारीमा सहयोग गर्न सकेन वा सकेको देखिँदैन । निःसन्देह स्थानीय तहहरु स्वतन्त्र र स्वायत्त छन्, तथापी संविधान एवं अन्य कानुनले तीन तहबीचको अन्तर-आवद्धता अनिवार्य बनाएको छ । स्थानीय तहले कानुनहरुको निर्माणमा पालना गर्नुपर्ने प्रक्रिया, विकासलाई सन्तुलित बनाउन, वित्तीय सुशासन कायम गर्न स्थानीय तहहरुवीच पुलको रुपमा काम गर्ने जस्ता जिम्मेवारीमा जिसस खरो उत्रिन सकेन । यसको साथै जिससको क्षमता सम्भावनालाई उपयोग गर्नलाई स्थानीय तहहरुले हिनताबोध गरे, फलस्वरुप स्थानीय तहमा रहेका कमजोरीहरु मध्ये बेरुजुको तस्बीर अस्वाभाविक देखिन्छ ।

४.३ स्थानीय तहमा बेरुजु बढ्नुका केही अन्य कारणहरू

बिभिन्न आवहरुमा सार्वजनिक लेखापरीक्षण प्रतिवेदनहरुलाई केलाउँदा र सम्वद्ध अधिकारीहरुसँग छलफल गर्दा स्थानीय तहमा बेरुजु अंक उच्च रहनुको प्रमुख कारणहरु:

- आर्थिक ऐन, नियम र सार्वजनिक खरिद प्रक्रियाको पूर्ण पालना नहुनु ।
- उपभोक्ता समिति तथा नागरिक समाजसँगको साझेदारीमा हुने काममा समयमा बिल, भरपाई र प्रमाणहरू पेश नगर्नु।
- आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुनु र आर्थिक अनुशासन कायम राख्न नसकिएको ।

अ. कर्मचारीमा ज्ञान र अडानको सिमितता

लेखाउत्तरदायी अधिकृत तथा लेखापालनमा संलग्न कर्मचारीहरुमा जिम्मेवारीबोध भएको देखिँदैन। खर्च लेख्ने तथा आलेप अधिकारीमा संवेदनशीलता नहुनु र जनप्रतिनिधिलाई विधिसम्मत बनाउने वा विधिको पालना गराउन सक्ने ठोस आधार सहित अडान लिन सक्ने कर्मचारी भएनन् ।

आ. आन्तरिक लेखापरीक्षण औपचारिकतामा सिमित

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आन्तरिक लेखापरीक्षण अनिवार्य भए पनि पछिल्लो वर्ष २६८ स्थानीय तहले आन्तरिक लेखापरीक्षण नै नगराएको उदाहरण रहेको छ। आलेप अधिकारीमा क्षमता कमजोर रहेको हेपिएको मानसिकताले थिचिएका

साथै जिम्मेवारी प्रति उदासिनता देखिन्छ। प्रशासनिक तथा राजनीतिक नेतृत्वले आलेपलाई महत्व नदिने समस्या पनि उत्तिकै जिम्मेवार रहेको छ ।

इ. रीत नपुऱ्याई खर्च गर्ने

प्रचलित ऐन, नियम र कानुनी प्रक्रिया पुरा नगरी वा आवश्यक कागजात (भर्पाई) विना नै आर्थिक कारोबार तथा भुक्तानी गर्ने प्रवृत्ति उच्च छ।

ई. जथाभाबी पेश्की वितरण

आर्थिक वर्षको अन्त्यमा कामै नसकी वा नियमविपरीत कर्मचारी तथा उपभोक्ता समितिलाई पेश्की दिने र समयमै फछ्र्यौट नगर्ने समस्या छ।

उ. योजना बाहिरको खर्च

आवधिक योजना तर्जुमा नगरी राजनीतिक दबाब वा हचुवाका भरमा टुक्रे योजनामा बजेट रकमान्तर गरेर खर्च गर्दा वित्तीय अनुशासन उल्लंघन हुने गरेको छ।

ऊ. उपभोक्ता समितिलाई प्राथमिकता वा प्राश्रयदिने अभ्यास संस्कार

राजनैतिक पदाधिकारीहरुले उस मार्फत काम गराउन प्राथमिता दिने तर उसलाई जिम्मेवार तथा जवाफदेहि बनाउन नखोज्ने प्रवृति। अझ वडातहका योजनामा त्यसको पराकाष्ठा नै देखिन्छ। उस गठन तथा तालिमको प्रावधान उपभोक्ता समिति परिचालन निर्देशिकामा तोकिएको भएता पनि पालना नभएको। यो ब्यहोरा LGPAS मा समावेश दस्तावेजले पनि देखाएको ।

ऋ. जथाभावी आर्थिक सहायता चन्दा पुरस्कार वितरण

स्थानीय तहको नेतृत्वमा कार्यकर्तालाई राज्यकोष वितरणको हुटहुटी छ। बिना मापदण्ड स्वेच्छारी रुपमा आर्थिक सहायता चन्दा पुरस्कार वितरण जस्ता कार्य बेरुजु बढाउन सहयोगी भएका छन।

ए. बेरुजु बापत दण्डित हुनु नपर्ने अवस्था

निःसन्देह सबै बेरुजु भ्रष्टाचार होईन । सबै बेरुजु असुल गर्नुपर्नेमा पनि हुदैन । मलेपले बेरुजु कायम गर्ने र प्रत्येक बर्ष उक्त रकम थपिदै जाने क्रम चलेको छ तर न दण्ड जरिवाना न पुरस्कार । मानौं कि यो एउटा नैतिक पक्ष मात्र हो । यसले प्रशासनिक तथा राजनैतिक नेतृत्वलाई बेरुजु कम गर्ने कार्यमा कानुनी बाध्यता भन्दा नैतिक दबाव वा प्रतिष्ठाको विषयमा मात्र सिमित भएकोले अपेक्षित सुधार कम हुन गएको छ। तथापी यस जिल्लाका ६ मध्ये ५ वटाले पछिल्ला वर्षहरुमा राष्ट्रिय औषत भन्दा

सुदृढ रहेका छन । सकारात्मक दिशातर्फ उन्मुख देखिन्छन पनि । तथापी स्थानीय तह गठन लगत्तैका सबै बेरुजु फछ्यौंटमा खासै अपनत्व भएको देखिँदैन ।

यसै गरी स्थानीय तहमा कर्मचारीले अपवाद बाहेक नेतृत्वको स्वार्थ बाझिने बिषयमा संवाद गर्न हिच्किचाउने वा डराउने हुदाँ बेरुजुको ग्राफमा आशातित कमी नआएको देखिन्छ खासगरी बेरुजु असुलीको सन्दर्भमा । सकेसम्म बेरुजुको बिषय पन्छाउने र भएका केहि प्रयास पनि देखावटीको लागि सामान्य पत्राचारमा सिमित रहेको। बेरुजुको बिषयमा स्थानीय तहको राजनीतिक नेतृत्वमा चर्चा छलफल हुने नगरेको साथै त्यसका आयामको बारेमा संवेदनशीलता देखिएन ।

४.४ अध्ययनको आधारमा स्थानीय तहमा वेरुजु कम गर्नको लागि सुझावहरु

पछिल्ला वर्षमा यस जिल्लामा बागमती गापाबाहेक अन्य स्थानीय तहको बेरुजु राष्ट्रिय औषत तथा समग्र स्थानीयतहको भन्दा कम रहेको छ। तथापी अघिल्लो कार्यकालमा कोन्ज्योसोम गापा बाहेकको बेरुजु प्रतिशत अस्वभाविक देखिन्छ। यही प्रवृतिका कारण बेरुजु रकम उच्च हुन पुग्यो । नगरपालिकाहरुमा नियमित गर्नुपर्ने बेरुजु फछ्यौंटमा पहल भएको देखिन्छ तथापि असुल गर्नुपर्ने बेरुजु ओझेलमै परेको छ सबै स्थानीयतहहरुमा। एकातिर कूल बेरुजुको मात्रा उल्लेख्य रहेको छ भने त्यसको अद्यावधिक अभिलेख पनि देखिदैन। विगतबाट थपिँदै आएको विभिन्न प्रकृतिको बेरुजुका भारहरूलाई न्यूनीकरण गर्दै लैजान चुनौतीको रुपमा रहेको छ। बेरुजुका कारणहरु बिस्तृत रुपमा माथि नै उल्लेख गरिएकाले ती कमजोरीहरु कम गर्ने वा पुनरावृति हुन नदिने उपायहरुलाई अवलम्वन गर्नु नै बेरुजु कम गर्ने र कायम भएको बेरुजु फछ्यौंट गरी वित्तीय रुपमा सुशासनयुक्त स्थानीय तहको पहिचान कायम गर्न सकिन्छ। तथापी केहि प्रकृयागत सुधारका उपायहरु निम्न रहेका छनः

स्थानीय सरकारको वित्तीय सुशासन प्रभावकारी बनाउन चुनौतीपूर्ण भएकाले बिकेन्द्रीकरण र स्थानीय शासनको मर्म अनुरुप स्थानीय तहहरूले वाषिक नीति बजेट तथा कार्यक्रम निर्माण गर्दा प्राथमिकता र सान्दर्भिकतामा रुपान्तरण पहिलो आवश्यकता रहेको छ । आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन तथा प्रभावकारी नियमन साथै निगरानीको अभ्यास टड्कारो रहेको छ। स्थानीय सरकार संचालन ऐन तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले निर्दिष्ट गरेबमोजिम आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाउनु पर्ने देखिएको छ जसले समयमै वित्तीय जानकारी

प्रदान गर्न सकोस् र अन्तिम लेखा परीक्षणका लागि बलियो एवं विश्वसनीय आधार रूपमा स्थापित बनाओस। स्थानीय तहमा बित्तीय अनुशासन प्रशासनिक नेतृत्व तथा जनप्रतिनिधिको सहकार्य तथा सहयोगबाट मात्र संभव भएकाले त्यसको लागि उपयुक्त वातावरण बनाउनुपर्ने देखिन्छ।

लेखा परीक्षण स्वतन्त्र र निष्पक्ष हुनु पर्ने भएको र हालको आलेपको भूमिकालाई मुल्याङ्कन गर्दा औचित्यहीन देखिएकोले यसमा रुपान्तरणको खाँचो देखिन्छ । स्थानीय तहको संस्थागत क्षमता सुदृढ नभएकाले पनि जिल्ला समन्वय समितिमा वा कोष तथा लेखा नियन्त्रक कार्यालय मातहत स्थानीय तहमा आन्तरिक लेखापरीक्षण शाखा बनाई २-३ जनाको समूहमा त्रैमासिक रूपमा आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्थाका लागि नीतिगत सुधारको बहस पनि आवश्यक देखिन्छ । साथै कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई त्रैमासिक निकासा दिँदा अघिल्लो त्रैमासको आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनिवार्य गरेमा पनि बेरुजुमा उल्लेख्य सुधार अवश्यंभावी देखिन्छ । केही सुधारका उपाय बुँदागत रुपमा उल्लेख गर्दा:

४.४.१ निरोधात्मक उपायहरु

- बेरुजुको कारण त्यसको असर लगतयत बिषयमा सचेतना र क्षमता विकासका कार्यक्रमहरु जनप्रतिनिधि, कर्मचारीहरु, उपभोक्ता समिति साझेदार संस्था, नागरिक समाज, समुदायिक संस्थाहरुको सहभागितामा संचालन गर्नुपर्ने ।
- योजना तर्जुमा चरणको पालना कागजमा मात्रै सिमित हुने र भागबण्डा हावी हुने गरेको साथै कार्यक्रम र बजेट समयमै एकीन नहुने अभ्यासमा सुधार गर्नुपर्ने ।
- आन्तरिक नियन्त्रण मापदण्ड एवं कार्यविधि तयार गरी त्यसको पैरवी, पर्याप्त संचार र सोही अनुरुप विषयगत समितिलाई जिम्मेवार बनाउने ।
- हरेक कार्यक्रम क्रियाकलापको वार्षिक कार्यान्वयन कार्ययोजना तयारी र त्यसको पालनालाई सशक्त बनाउने।
- बिषयशाखागत तथा वडागत जिम्मेवारी किटानी र नियमित निगरानी मूल्यांकन समीक्षा साथै कानुन बमोजिमका समितिलाई परिचालन गरिनु पर्ने।

- स्थानीय तहमा लेखापरीक्षणका लागि कर्मचारी खटनपटन गर्दा लेखा समूहका कर्मचारीलाई वा लेखाको ज्ञान भएका वा तालिम दिएर मात्र खटाउने ।
- स्थानीय तहको आन्तरिक लेखापरीक्षकको कार्यसम्पादन मुल्याङ्कन कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउने।
- स्थानीय तहको आन्तरिक नियन्त्रण थप व्यवस्थित गर्न तथा प्रतिवेदनलाई विश्वसनीय तुल्याउन आन्तरिक लेखापरीक्षणलाई क्षमता अभिवृद्धि गर्दै थप स्वतन्त्र बनाउनुपर्ने र खरिद प्रक्रियामा सुधार, समयमै ल.ई खरिद सम्झौता कार्यादेश नियमित अनुगमन पृष्ठपोषण योजना एकिकृत पुस्तिकाको अवलम्वन गर्नुपर्ने।
- हरेक कामको फाइलिङ प्रणालीमा सुधार गर्न संपादित कार्यको चेकलिष्ट र अनिवार्य रुपमा पंजिका समावेश गर्ने अनिवार्य गर्ने ।
- वेरुजूको फछ्यौंट लक्षित कर्मचारी (Focal Person) तोक्ने, लक्ष्य तोकिदिने साथै अभिलेख अद्यावधिक र अल्या गर्ने अभ्यास र एकद्धार अभिलेख प्रणाली लागू गर्नु पर्ने ।
- विषयगत समितिहरु (सुशासन समिति, लेखा समिति) सक्षम र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका सुझावहरु कार्यान्वयन भए-नभएको हेर्नका जिम्मेवार र जवाफदेही तुल्याउने ।
- दरबन्दी एकिन, तलवी प्रतिवेदन पारित, प्रशासनिक एवं अनिवार्य दायित्वमा सीमाङ्कन गरी सो को पालना सुनिश्चत गर्ने गराउने।
- वेरुजु सम्बन्धी एकिकृत एवं खण्डीकृत विवरणको अद्यावधिकरण साथै बेरुजु नतिर्ने जोसुकैको पनि सुविधा रोक्का र अभिलेख सार्वजनिक गर्ने ।

४.४.२ उपचारात्मक उपायहरु

- आलेपलाई सक्षम सक्रिय, जिम्मेवार बनाउँदै यथासम्भव आलेप प्रतिवेदन अवलम्वन/आत्मसाथ गर्ने ।
- आलेपका सुझाव सिफारिस प्रतिवेदनको अभिलेखिकरण प्रमाणिकरणको अभ्यास लागु गर्ने ।

- मलेपको प्रारम्भिक ले.प.मा औंल्याइएका सुझावको कार्यान्वयनमा तदारुकता देखाउने ।
- असुल गर्नुपर्ने वेरुजूको हकमा तलव भत्ता पारिश्रमिक वा अन्य सुविधाबाट रोक्का गरी असुल गर्ने ।
- वेरुजू फछ्र्यौंट नगर्ने व्याक्ति/संस्थाको नाम स्थानीय तहको वेभसाइटमा राख्ने ।
- वेरुजू फछ्र्यौंट फोकल अधिकृतको व्यवस्था, लक्ष्य निर्धारण समेत गरी Incentive(Reward/Recognition)को अभ्यास अवलम्वन ।
- वेरुजू फछ्र्यौट नगर्ने व्याक्ति वा संस्था/समूहलाई अन्य सुविधा तथा जिम्मेवारी नदिने ।
- लेखापरीक्षण अधिकृत/अधिकारी र राजनीतिक नेतृत्व एवं जिम्मेवार कर्मचारीहरु बीच छलफल अन्तरक्रिया बढाई फछ्र्यौंटको वातावरण बनाउने।
- आगामी आवमा स्थानीय तहको निर्वाचन हुने भएकोले असुल गर्नु पर्ने बेरुजु असुलीमा दबाव तथा सहज दुवै हुने भएकाले हाल कायम भएको बेरुजु फछ्र्यौंटलाई अभियानकै रुपमा संचालन गर्नुपर्ने।
- *सुशासनको लागि वित्तीय अनुशासनः वित्तीय अनुशासनको लागि साझा जिम्मेवारी*को नारासहित बक्यौता बेरुजु फछ्र्यौंट हाम्रो प्रतिवद्धता अभियान संचालन गर्ने ।

निष्कर्ष

जनताको सबै भन्दा नजिक रहेको र बृहत जिम्मेवारी बोकेको स्थानीय सरकारको प्रभावकारिता नै सुशासनको आधारस्तम्भ हो । निसन्देहः बिगत नौ वर्षमा स्थानीय तहहरुले धेरै क्षेत्रमा गरेका उपलब्धिमुलक तथा अनुकरणीय कामका साक्षी हामी छौं। तथापी सामाजिक संजालको प्रभाव अति नै हावी भएको वर्तमान समयमा नागरिकको अपेक्षा आकाशिएको छ र सरकारको हरेक गतिविधिमा नागरिकको निगरानी सघन भएको छ। शासकीय प्रणालीमा रहेको कमजोरी तथा अभ्यासमा देखिने कमजोर व्यवस्थपनले आम नागरिकमा सरकार प्रतिको आस्था तथा बिश्वास स्खलन भैरहेको छ। संघीय शासनको छोटो समयमै प्रदेश तथा स्थानीय सरकारको प्रभावकारीतालाई लिएर आलोचनाहरु भईरहेका छन। केहि स्थानीय तहहरुमा सार्वजनिक श्रोतको बिवेकहीन उपयोग कानुन तथा विधिको पालनामा गरेको उपेक्षा र जवाफदेहिताको धेरै असल अभ्यास पनि ओझेलमा परेका छन् । कतिपय कमजोरीलाई लिएर समग्र स्थानीय तहमा अनियमितता र भ्रष्ट्राचार व्यापक रहेको भनी सामान्यीकरण गर्ने प्रयत्न पनि भैरहेको देखिन्छ।

स्थानीय तहमा रहेको उच्च दरको बेरुजु र कायम भएको बेरुजु फछ्र्यौटमा देखाएको उदासिनता एउटा प्रमुख कारण बनेको छ, आम नागरिक मात्र होईन नियामक/निगरानी निकायबाट हुने गरेको आलोचना र असन्तुष्टि । यति छोटो समयमै स्थानीय सरकारको शासकीय अभ्यासको मुल्याङ्कन शायद उपयुक्त नहोला पनि अपितु वित्तीय सुशासन कायम गर्ने सन्दर्भमा स्थानीय तहमा समस्या र चुनौती सघन हुँदै आएका छन । नागरिकको करबाट संचालन हुने संस्थाले उपलब्ध श्रोतको महतम उपयोगको साथसाथै पारदर्शीता तथा जबाफदेहिता सुनिश्चत गर्नु पर्दछ। नियमित तथा नतिजापरक लेखापरीक्षण साथै बेरुजुको परिमाण न्यूनीकरण तथा बक्यौता बेरुजु फछ्र्यौटमा देखाउने तदारुकता त्यसको एउटा प्रमुख मानक हो।

जिल्ला समन्वय समितिको जिम्मेवारी अनुरुप स्थानीय तहहरुको बित्तीय सुशासनमा सहयोग पुर्याउने उद्धेश्य लिएर यस जिल्लाका सबै स्थानीय तहको वेरुजुको अवस्था, प्रवृति तथा बेरुजु फछ्र्यौटमा देखाएको संवेदनशीलता जस्ता सम्वद्ध पक्षहरुमा अध्ययन

गरी यो प्रतिवेदन तयार गरिएको छ । महानगरपालिका सहित तीन वटा नपा र तीन वटा गापाहरुमा आ.व. २०७५/७६ देखि २०८१/८२ सम्मको वेरुजुको स्थानीय तहगत आकाँडा हेर्दा बागमती गाउँपालिका बाहेक अन्यमा पहिलो कार्यकालको तुलनामा दोस्रो कार्यकालमा समग्र वेरुजूको रकम तथा सो को प्रतिशत घटदै गएको देखिन्छ । कोन्ज्योसोम गा.पा. को वेरुजू प्रतिशत लगातार सवैभन्दा कम रहेको छ भने बागमती गा.पा.को वेरुजुको प्रतिशत र फछ्र्यौटको प्रतिशत दुवैको अवस्था चिन्ताजनक देखिन्छ ।

बजेटको आकार (आय-व्यय) ठुलो भएको ललितपुर महानगरपालिकामा सालबसाली बेरुजुको अङ्क र हालसम्मकै वेरुजू सबैभन्दा बढी देखिन्छ जुन अन्य सबै स्थानीय तहको समुच्चा भन्दा बढी हो । संस्थागत रुपमा सवल रहेको र पर्याप्त जनशक्ति भएको तथा आफूलाई विशिष्ट दावी गर्ने सांस्कृतिक नगरीमा २०७५/७६ मा कायम भएको ७.०४ प्रतिशत बाट २०८१/८२ मा १ प्रतिशत भन्दा कम हुनु ठूलो उपलब्धि हो परन्तु बक्यौता फछ्र्यौट खासगरी असुल गर्नुपर्ने तर्फ अपेक्षित पहल देखिँदैन ।

महानगर लगायत सबै पालिकामा असुल उपर गर्नुपर्ने र पेश्की वेरुजुमा भएको सुधारको तुलनामा नियमित गर्नुपर्ने, अनियमित र प्रमाण नपुगेको वेरुजूको आकाँडामा सन्तोषजनक सुधार हुन सकेको देखिँदैन । वेरुजू धेरै देखिनु सुशासनको निःसन्दह चुनौति हो । वेरुजू उच्च हुनमा धेरै कारणहरु हुन सक्छन तर एउटै जिल्लामा कुनै एउटा स्थानीय तहले देखाएको चित्रले पनि अन्यलाई सकरात्मक दबाव देखाउने देखिन्छ । देशभरी सुशासनको खोजी भइरहेको अवस्थामा जिल्लाका ५ वटा स्थानीय तहको नेतृत्वले आफ्ना सत्प्रयासको जवाफ दिँदै गर्दा एउटा तथ्यगत प्रश्नको सामाना गर्नुपर्ने अवस्था देखिएको छ । पहिलो कार्यकालको तुलनामा दोस्रो कार्यकामा बेरुजुको प्रवृतिमा सुधार हुँदै गएको छ तथापि फछ्र्यौटमा नेतृत्व कठोर हुनुपर्ने देखिन्छ ।

संविधानले स्थानीय तहरुलाई अधिकार सम्पन्न मात्र बनाएको होइन जिम्मेवार र जवाफदेही बनाएको पनि छ । स्थानीय सरकारहरु लोकतन्त्रको डेलिभरी गर्ने प्रमुख

संयन्त्र वा इकाइ हुन। बित्तीय सुशासनको संघीय तथा प्रदेश कानुनको अतिरक्त स्थानीय तहले आलेपको व्यवस्था, आन्तरिक नियन्त्रण लक्षित नीतिको अवलम्वन, निगरानी तथा सहजीकरणका लागि बिभिन्न समितिहरु गठन गरेका भएपनि कायम वेरुजुको समग्र अवस्थाले स्थानीय तहहरु वित्तीय अनुशासनमा खरो उत्रिन नसकेको भन्दा अत्योक्ति नहोला । नेतृत्व तहले यस बिषयमा अपेक्षित प्राथमिकता नदिएको र सम्बद्ध शाखालाई देखाई जवाफदेहिता पन्छाउने प्रवृति हावी देखियो । तसर्थ विगत देखि थुप्रिँदै आएको र प्रत्येक वर्ष थपिने बेरुजु घटाउन र बक्यौता फछ्र्यौटको लागि प्रशासनिक तथा राजनैतिक नेतृत्वमा कठोरता र तद्अनुरुप निगरानी आवश्यक देखिन्छ । निःसन्देह वेरुजु भ्रष्टाचार होइन तर आम नागरिकमा शासक तथा प्रशासक प्रतिको आक्रोस, वितृष्णा बढाउन यसले योगदान वा टेवा पुर्‍याएको छ । यसै तथ्यलाई हृदयंगम गरी स्थानीय तहले गरेको सुधारलाई प्रशंसा गर्दै सुधारको दिशामा सम्वद्ध सबै पक्षको जिम्मेवारी बोध गरेमा यो जिल्लालाई वित्तीय सुशासनको नमुना बनाउन सकिने सम्भावना देखिन्छ ।

अन्त्यमा, जिससको यो सानो प्रयत्नले प्रस्तुत गरेको आकाँडा र त्यसको आधारमा गरिएको बिश्लेषण एवं सिफारिस र तीतामिठा सुझावहरुले बेरुजु न्यूनीकरणमा योगदान पुग्न गई समस्त सबे स्थानीय तहको वित्तीय अनुशासनलाई बल पुग्ने अपेक्षा गरिएको छ । साथै यो अध्ययनमा थुप्रै कमजोरी हुन सक्छन। धेरै पक्षको उजागर नभएको पनि हुन सक्छ तथापि जिससकै पहलमा तयार भएको यो प्रतिवेदनले स्थानीय तहको वित्तीय सुशासनमा सहयोग पुग्नुका साथै जिससको भूमिकामा सुधार हुने आशा र बिश्वास गरिएको छ। कमीकमजोरी औंल्याई प्राप्त हुने सुझाव तथा पृष्ठपोषणको लागि जिल्ला समन्वय समिति सदा आभारी हुनेछ।

धन्यवाद् ।

सन्दर्भ सामग्री

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- महालेखापरीक्षकको विभिन्न आ.व.का प्रतिवेदन
- स्थानीयतहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४
- लेखापरीक्षण ऐन, २०७५
- आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९
- बेरुजु फछ्र्यौट कार्यविधि, २०८१
- स्थानीयतहका बार्षिक नीति तथा कार्यक्रम
- स्थानीयतहका बार्षिक प्रगति प्रतिवेदन
- स्थानीयतहका बिभिन्न मितिमा भएका कार्यपालिका बैठकका निर्णयहरु

अध्ययन प्रतिवेदनको मस्यौदा उपर छलफल कार्यक्रमका केही फोटोहरू

TOILET

AQUA
ANNA

AQUA
ANNA

COMMITTEE , LALITPUR
LALITPUR DISTRICT MAIN URBAN AREA